# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्य अर्थमा बसाइसराइ भन्नाले कुनै एक स्थान बाट अर्को स्थानमा बास सर्ने कार्यलाई बुझिन्छ । विभिन्न कार्य, रोजगार, घुम्न, शिक्षाको लागि मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा बसाइसराइ गर्ने गर्दछन् । मानिसहरू पेसा, शिक्षा, स्वास्थ्य, सुरक्षा आदिको लागि गाउँबाट शहरतर्फ बसाइसराई गर्ने गरेको पाइन्छ। बासस्थान सर्ने प्रक्रियालाई बसाइसराइ भनिन्छ।

समाजशास्त्रीहरूका लागि, बसाइसराइमा रूचि मुख्य रूपमा नियमित र अनियमित दुवै प्रकारका आप्रवासीहरूको सामाजिक र सांस्कृतिक एकीकरण र आवागमनमा केन्द्रित छ।

Lee(1966) ले Ravenstein को शास्त्रीय सिद्धन्तलाई पुनः कानुनी संशोधन र विश्लेषण गरी बसाइसराइको सिद्धान्तको नयाँ रूपरेखा तयार गरे । उनले बसाइसराइ उत्पत्ति क्षेत्र र जाने वा गन्तव्य क्षेत्रले निर्धारण गर्ने उल्लेख गरेका छन् । गन्तव्य क्षेत्रमा ज्ञानको क्षेत्र र विविध सुविधाका कारण र उत्पत्ति क्षेत्रको उच्च स्थानीयकरणका कारण मानिस बसाइ सर्दछन् भन्ने धारणा Lee को रहेको छ। उनले आन्तरिक बसाइसराइ गर्ने तत्त्वहरूको बारेमा उल्लेख गरेका छन् । बसाइसराइ एक छनौटपूर्ण प्रक्रिया हो । बसाइसराइका लागि केकस्ता आकर्षक र विकर्षक तत्त्वहरू रहन्छन् भन्ने कुरा उनीहरूको उमेर, लिङ्ग, सामाजिक वर्ग आदिले निर्धारण गर्दछ साथै उनीहरूको समस्यासँग जुध्न सक्ने क्षमताले पनि निर्धारण गर्दछ । Lee ले बसाइसराइका निम्नानुसार दुई कारणका बारेमा उल्लेख गरेका छन् : आकर्षक तत्त्व र विकर्षक तत्त्व। आकर्षक तत्त्वहरूमा जागिरको सुविधा, उत्तम बसोबासको अवस्था, सुरक्षा, राजनीतिक र धार्मिक स्वतन्त्रता, मनोरञ्जनयुक्त, उत्तम स्वास्थ्य सुविधा, औद्योगिक सुविधा आदि रहेका छन्। विकर्षकतत्त्वहरूमा पर्याप्त जागिर नहुनु, थोरै सुविधा, प्रारम्भिक खालको अवस्था, सम्पत्तिको अभाव, युद्ध, गरीब घर परिवार, राजनीतिक डर, श्रम शक्तिको प्रयोग गर्ने ठाउँ नहुनु आदि हुन् । त्यसैगरी उनले मध्यवर्ती अवरोध र व्यक्तित्व तत्त्वहरूले समेत बसाइसराई प्रभावित पार्दछ।

बसाइसराइ गाउँबाट शहरतर्फ, पहाडबाट तराईतर्फ र अविकसित देशहरूबाट विकसित देशहरूमा हुने गरेको पाइन्छ । (आचार्य, २०६५ उद्धरण गरिएको धिताल २०१७) यो सामाजिक प्रक्रिया हो ।

संसारको इतिहासमा प्रत्येक बसाइसराइको उल्लेख्य कथाहरू समावेश गरेका छन् । विगत पचास वर्षमा प्रत्येक गाउँबाट शहरमा बसाइसराई जनसङ्ख्याको शहरको अनुपातमा एक पाँचौ भागबाट आधाभन्दा बढीमा विस्तार भएको देखिन्छ । मानव जीवन पहिले ग्रामिण थियो, अहिले शहरी बन्न खोजिरहेको छ । २० मिलियन भन्दा बढी बासिन्दाहरू शहरी क्षेत्र टोकियो, मेक्सिको सिटी, न्यूयोर्क, बम्बई, इस्तानबुल,मा बसाइसराइ गरेको पाइन्छ । (**Yao, Ye & Song, 2023)**

उन्नाइसौ र बिसौं शताब्दीको प्रारम्भमा यातायातमा सुधार भयो । प्रणाली र नयाँ आर्थिक विकास सँगै करिब पचास मिलियन युरोपेली आप्रवासीहरू आफ्नो गृह महाद्वीप पार गरी त्यसपछि उत्तर र दक्षिण अमेरिका र बाहिर सोहि अवधिमा अर्को ८० लाख आप्रवासीहरू पूर्व र दक्षिण एसियामा बसाइँ सरेका छन् । (**Yao, Ye & Song, 2023)**

दुई हजार वर्षभन्दा पहिले ग्रीक नाविकहरूले नदिको किनारमा फस्टाउदै गएको व्यवसायिक उपनिवेशहरू सिर्जना गरेर भुमध्यसागर र कालो सागर तिनीहरूको पछि रोम अवशोषित गर्न सक्षम भएको थियो । बसाइसराइले विस्तारै दुई प्रमुख उपमहाद्वीपहरूको संस्कृति परिवर्तन गऱ्यो युरोपियन भाषा बोल्ने मानिसहरू मध्ये एशियाबाट फैलिइ इरान र उत्तरी भारत का मानिसहरू त्यहाँबाट सरेका थिए । (Manning, 2009)

बसाइसराई उमेर, लिङ्ग, व्यवसाय आदिसँग सम्वन्धीत हुन्छ । विश्वव्यापी रूपमा ७४% बसाइसर्ने मानिसहरू २० देखि ६४ वर्ष उमेर समूहका रहेका छन् । बसाइ सर्नेहरूमा पुरूषहरूको बाहुल्यता रहेको छ । (**Yao, Ye & Song, 2023)**

मापनको दृष्टिकोणले बसाइसराइलाई परिभाषित गर्दा बसाइसराइका लागि तोकिएको कम से कम समयावधि र बसाइसराइका लागि स्पष्ट रूपमा परिभाषित कुनै निश्चित भौगोलिक वा राजनैतिक क्षेत्र पार गरी एक ठाउँबाट अर्को ठाउँमा गएर बसोबास गर्ने प्रक्रियालाई

बसाइसराई भनिन्छ । नेपालको सन्दर्भमा सन् २०११ को जनगणनाको परिभाषा अनुसार बसाइसराइ भएको भन्नाले त्यो व्यक्ति आफ्नो जन्मस्थान भएको जिल्ला छोडेर कम्तीमा ५ महिना अर्को जिल्लामा बसोबास गरेको हुनुपर्दछ । जनगणनामा लगत लिँदा व्यक्तिको विवरण अनुसार बसोबास गरेको ठाउँको आधारमा लिइएको थियो । व्यक्ति साधारणतया निश्चित स्थानमा रही जीवनयापन गरीरहेको हुन्छ । त्यसैलाई अक्सर बसोबास गर्ने स्थान भनिन्छ । तर भारतमा एउटा जिल्लाबाट अर्को जिल्लामा बसाइ सर्नुलाई बसाइसराइअन्तर्गत गणना गरीदैन । भारतमा एउटा राज्य (State) बाट अर्को राज्यमा बसाइँ सरेर गएकोलाई मात्र बसाइसराइ अन्तर्गत गणना गरीन्छ ।

बसाइसराइलाई मूलतः २ भागमा विभाजन गरीएको हुन्छ । आन्तरिक र अन्तराष्ट्रिय । एउटै देशको सिमानाभित्र बसाइसराइको स्पष्ट स्वरूपमा परिभाषित कुनै निश्चित भौगोलिक वा राजनैतिक क्षेत्र पार गरेर एक ठाउँबाट अर्को ठाउँमा बसाइ सर्ने प्रक्रियालाई आन्तरिक बसाइसराइ भनिन्छ भने कुनैएक देशको राजनैतिक सिमाना पार गरेर अर्को देशमा गएर बसोबास गर्ने प्रक्रियालाई अन्तराष्ट्रिय बसाइसराइ भनिन्छ । (जोशी, २०२४)

संयुक्त राष्ट्रसंघीय बहुभाषी जनसङ्ख्या शब्दकोश १९९४ का अनुसार बसाइसराइ एक भौगोलिक क्षेत्रबाट अर्को बसोबास युक्त क्षेत्रमा जाने प्रक्रिया हो ।

जनसङ्ख्याले जनसांख्यिक आकारप्रकार, स्वरूप र प्रकृतिमा प्रभाव पार्ने महत्वपूर्ण घटनामध्ये बसाइसराइ एउटा प्रमुख घटना हो । बसाइसराइले सकारात्मक असर मात्र नभएर नकारात्म्क असर पनि पारेको छ । गाउँहरू रित्तिदै गएका छन् । खेतिपाति कम गर्न थालिएको छन् काम गर्न सक्ने भएको जनशक्ति विदेशिएको छ । खेतवारी वञ्जर बन्दै गइरहेका छन् । (दैनिक लुम्बिनी, २०७९)

पछिल्लो दुई दशकमा बसाइसराइ तीब्र रूपमा भएको छ । २०५८ को जनगणनामा ग्रामीण क्षेत्रको जनसङ्ख्या ८६.१% र शहरी क्षेत्रको जनसङ्ख्या १३.९% थियो । २०६८ को जनगणनामा यो प्रतिशतमा परिवर्तन भई ग्रामीण क्षेत्रमा ८२.८९% र शहरी क्षेत्रमा १७.१% जनसङ्ख्याको बसोबास भएको देखिन्छ । २०७८ सालको जनगणनामा नगरपालिका, उप महानगरपालिका र महानगरपालिकालाई शहर र गाउपालिकालाई ग्रामिण मान्दा शहरको जनसङ्ख्या ६६.०८% र

ग्रामिण जनसङ्ख्या ३३.९२% रहेको छ । यी दुई दशकको तथ्याङ्क बसाइसराइका पनि कारण गाउँको जनसङ्ख्या घट्दै र शहरको जनसङ्ख्या बढ्दै गएको छ । (दैनिक लुम्बिनी, २०७९)

सुदूरपश्चिम प्रदेशको जनसङ्ख्या २०६८ सालको जनगणना अनुसार २५ लाख ५२ हजार ५१७ रहेकोमा २०७८ मा २६ लाख ९४ हजार ७८३ पुगेको छ । प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.५२ प्रतिशत रहेको तथ्याङ्क कार्यालय डोटीले सार्वजनिक गरेको विवरणले देखाउँछ । प्रदेशको जनसङ्ख्या वृद्धि भए पनि यहाँका ५ वटा पहाडी जिल्लाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको २०७८ को जनगणना प्रतिवेदनले देखाएको छ । २०६८ मा २ लाख ११ हजार ७४६ रहेको डोटीको जनसङ्ख्या १० वर्षमा ६ हजार ९१५ ले घटेको छ । यस जिल्लाको वार्षिक जनसङ्ख्या वृद्धिदर ऋणात्मक ०.३२% रहेको छ । (ओझा, २०८०)

नेपालमा सन् १९६१ को जनगणना आन्तरिक बसाइसराइको पहिलो दस्तावेज मानिन्छ । त्यसपछि सम्पन्न सबै राष्ट्रिय जनगणनाहरूमा यस्ता विवरण लिएको पाइन्छ ।

दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ मा पहिले जिल्लाको सदरमुकाम रहेको कारण चहलपहल बढेको थियो । तर यातायातको विकास र सङ्घिय संरचना अनुसार सबै काम स्थानीय तहमा हुने र जिल्लामा चहलपहल कम भएको र व्यापार व्यवसायमा मन्दि भएको र सुदूरपश्चिमको राजधानी पनि धनगढी भएको कारण मानिसहरू यस क्षेत्रबाट बसाइ सर्दै धनगढी र काठमाडौं गएको देखिन्छ । यस अध्ययनले यस क्षेत्रमा बसाइसराइले पारेको प्रभावको बारेमा विश्लेषण गर्ने प्रयास गरेको छ साथै यस क्षेत्रबाट धनगढी बसाइसराई गरेका परिवारको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गरेको छ ।

## १.२ समस्याको कथन

बसाइसराइ विश्वव्यापी रूपमा हुने गर्दछ । मानिसहरू विभिन्न कारण बसाइसराइ गर्दछन् । मानिसहरू परिवर्तन हुन्छन् । केहि नयाँ चाहना मानिसहरूमा हुने गर्दछ । मानिसहरू विभिन्न सुबिधा र शहरमा उपलब्ध साधनको उपयोग गर्न गाउँबाट शहर बसाइसराइ सर्ने गर्दछन् । बसाइसराइ विभिन्न सामाजिक कारणहरू, पारिवारिक मनमुटाव, सामाजिक सुरक्षाको अभाव

भएर पनि हुने गरेको पाइन्छ । त्यस्तै राज्यले बसाइसराइलाई प्रोत्साहन गर्ने नीति लिएको छ भने पनि बसाइसराइ तीव्र हुन्छ ।

मानिसहरू आफु बसेको ठाउँमा अफ्ना आवश्यकता पूरा गर्न असमर्थ हुन्छन् र लामो वा छोटो समयका लागि बसाइसराइ गर्दछन् । शहरमा उच्च शिक्षा हासिल गर्न, रोजगारीको सुविधा, कृषिमा उच्च उत्पाकत्व जस्ता सुविधाका कारण मानिस बसाइसराइ गरेर जान्छन् । ( काफ्ले २०४६)

बसाइसराइ एक ठाउँबाट अर्को ठाउँमा हुने मानिसहरूको भौगोलिक गति हो । नेपालको सन्दर्भमा मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा विभिन्न प्रयोजनका लागि बसाइसराइ सर्ने गर्दछन् । खासगरी नेपालको बसाइसराइको प्रवृत्ति हिमालबाट तराई र सहर, पहाडबाट तराई र सहर वा गाउँबाट सहरतिर सर्ने रहेको छ । बसाइसराइले मानिसको जीवनमा विविध पक्षमा गहिरो प्रभाव पारेको हुन्छ । मानिसका बानी, व्यवहार, आहार विहार, भाषा, संस्कृति, सोचाइ, पेसाजस्ता वैयक्तिक पक्षमा बसाइसराइले परिवर्तन ल्याएको हुन्छ । सामाजिक, आर्थिक, सांस्कृतिक, पक्षमा पनि बसाइसराइको महत्वपूर्ण प्रभाव परेको हुन्छ ।

अन्तराष्ट्रिय स्तरमा बसाइसराइले गर्दा विश्वमा पर्ने असरको बारेमा विभिन्न अनुसन्धानले देखाएको छ । र नेपालमा पनि विभिन्न अनुसन्धानकर्ताले बसाइसराइ गरेर गइसकेपछि उनीहरूमा आएको सामाजिक, सास्कृतिक, आर्थिक परिवर्तनको बारेमा अध्ययन गरेका छन् । यस सम्वन्धी अध्ययन डोटी जिल्ला दिपायल सिलगढी नगर पालिका वडा नं. ५ र ६ जिल्लाको सदरमुकाम यहाँबाट मानिसहरू बसाइ सरेर गइसकेपछि उनीहरूको जिवनस्तरमा आएको परिवर्तन र उनीहरू बसाइसरि सके पछि यस ठाउँमा परेको परिवर्तनको प्रभावको विश्लेषण अफै सम्म कुनै पनि अनुसन्धान नभएकोले यो शोधपत्र तयार पारिएको छ । यस अध्ययनमा दिपायल सिलगढी नगर पालिका वडा नं. ५ र ६ सिलगढी बजारबाट बसाइसराइ सरेर गएका र यहि बस्दै आएकाहरूको सामाजिक, आर्थिक अवस्था र बसाइसराइ सरेर जानुको कारणका बारेमा विस्तृत अध्ययन गरीएको छ । दि.सि.न.पा वडा नं. ५ र ६ बाट कैलाली जिल्ला धनगढी बसाइसराइ गरेर जानुभन्दा पहिले यहाँ विभिन्न पेशा, व्यवसाय गरेर बस्दै आएका थिए ।

स्थिर संगठनात्मक संरचनाको अभाव हुनु, विस्तृत एवं खण्डीकृत तथ्याङ्क सहितको व्यवस्थापन सूचना प्रणाली स्थापना हुन नसक्नु, जनसाङ्ख्यिक लाभांसको रूपमा रहेको उत्पादनशील जनशक्तिको आन्तरिक बसाइसराइ र वाह्य आप्रवासनले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादनमा नकारात्मक प्रभाव पर्नु, विकासको असन्तुलित विवरण तथा जलवायु परिवर्तन, प्राकृतिक प्रकोप जस्ता कारणले मानिसको स्वस्फूर्त बसाइसराइ प्रभावित भई जनसङ्ख्याको वितरण प्रतिकुल प्रभाव पर्नु, तीब्र रूपमा बढ्दै गएको सहरीकरणलाई, आप्रवासन र विकास बिच समन्वयात्मक रूपमा कार्यक्रमहरू सञ्चालन गर्न नसक्नु जस्ता समस्या यस क्षेत्रमा रहेका छन् ।

यस अध्ययनले निम्न अनुसन्धान प्रश्नहरूको उतर खोज्ने प्रयास गरेको छ ।

१. बसाइसराईमा संलग्न परिवारको सामाजिक, आर्थिक अवस्था कस्तो छ ?

२. दिपायल सिलगढी नगर पालिका वडा नं.५ र ६ बाट बसाइ सर्नुका कारणहरू के के हुन् ?

३. बसाइसराइले अध्ययन क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

## १.३ उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. बसाइसराईमा संलग्न परिवारको सामाजिक, आर्थिक अवस्था पत्ता लगाउनु ,

२. अध्ययन क्षेत्रका मानिसहरू बसाइसराइ सर्नुका कारणहरू पत्ता लगाउनु,

३. बसाइसराइले अध्ययन क्षेत्रमा परेको प्रभावको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

बसाइसराइ समाजसँग सम्वन्धीत महत्वपूर्ण विषयवस्तु हो । यस अध्ययनले आन्तरिक बसाइसराइको अध्ययन गर्ने सैद्धान्तिक दृष्टिकोण, विधि सम्वन्धी ज्ञान प्रदान गर्दछ । दिपायल सिलगढी नगर पालिकाबाट बसाइ सरि गएका मानिसहरूको सङ्ख्या र उनीहरूले केकति

कारणले सिलगढीबाट बसाइसराइ गरी धनगढी गएका हुन् भन्ने सबैको चासोको विषयलाई समेट्दछ । सामाजिक रूपमा के कस्ता समस्याहरू भए पछि बसाइसराइ गर्दछन् भन्ने कुरालाई पनि समेट्दछ  र बसाइसराइ सर्ने उनीहरूका सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक अवस्थाको अध्ययन गरेको छ । त्यसैगरी यस अध्ययनले बसाई सर्ने व्यक्तिको उद्गम स्थल र गन्तव्य स्थलका व्यक्ति, संघ संस्था सँगको सम्वन्ध समेत देखाएको छ । बसाइसराइले पहाडी क्षेत्रमा पारेको असर र राज्यले पहाडमा बनाउनुपर्ने पूर्वाधारको आवश्यक र वर्तमान अवस्थाबारे पनि बुझ्न मद्दत मिल्दछ । स्थानीय र संघीय सरकारलाई बसाइसराइ रोकथाम गर्ने कार्यतर्जुमा बनाउन मद्दत मिल्नेछ ।

## १.५ अध्ययनको सीमा

जुनसुकै पनि अध्ययन र अनुसन्धानको आ- आफ्नै सीमाहरू हुने गर्दछन् । यो अनुसन्धान स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि भएकोले यस डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ बाट बसाइसराइ गरेर गएमा विशेषतः धनगढी बसाइसरेका व्यक्तिहरू र यहि बसिरहेका व्यक्तिहरू यस अध्ययनमा सीमित गरीएको छ । ती बाहेक अन्यलाई यसमा समावेश गरीएको छैन ।

१. यस दि.सि.न.पा वडा नं. ५ र ६ बाट बसाइसर्नुका कारणहरूको बारेमा यसमा अध्ययन गरीएको छ ।

२. यस अध्ययनमा दि.सि.न.पा वडा नं. ५ र ६ वडा कार्यालयबाट २०७५ देखि २०७९ साल सम्ममा बसाइसराइ गरेर गएकाहरूमात्र यस अध्ययनमा समेटिएका छन् ।

३. बसाइसराइले अध्ययन क्षेत्रमा पारेको प्रभावहरूको विश्लेषण गरीएको छ ।

४. यस अध्ययनले दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ बाट धनगढी बसाई सरेकालाई समेटिएको छ ।

# अध्याय - दुई

# सन्दर्भ साहित्यको समिक्षा

## २.१ अनुभवजन्य सामग्री पुनरावलोकन

बसाइसराइ भनेको सामान्य बसोबासको स्थानलाई राम्रोसँग परिभाषित सहित भौगोलिक क्षेत्र मा परिवर्तन गरेर मानिसहरूको स्थानीय गतिशीलता हो । आप्रवासी भनेको आफ्नो जन्मस्थलबाट अर्को क्षेत्रमा सर्ने वा राख्ने व्यक्ति हो ।

नियोक्लासिकल मोडेलले आर्थिक आधारबाट बसाइसराइको बारेमा छलफल गर्दछ र यसलाई श्रम समायोजनको प्रक्रिया र सामाजिक आर्थिक भिन्नताका कारण उत्पत्ति र गन्तव्यको बीचमा मानव पुँजीको प्रक्रियाको रूपमा बताउँछ । (Haish and Todaro, 1970) ।

बसाइसराइ एक अन्तर्राष्ट्रिय घटना हो, जहाँबाट मानिसहरू संसारका विभिन्न भागहरूमा बसाइ सर्ने गर्थे विगतदेखि वर्तमान दिनहरू । यो प्रवृत्ति अल्पविकसित देशबाट विकसित मुलुकमा बढ्दै गएको छ । सामान्यतया योग्य, दक्ष र स्वस्थ व्यक्तिहरू रोजगारीको खोजीमा बसाइ सर्छन् र आफ्नो जीवनमा सुधार गर्छन् ।

बसाइसराइ जनसङ्ख्या परिवर्तनको तीन घटक मध्ये एक हो । भोल्युम र प्रवाहमा कुनै पनि परिवर्तन माइग्रेसनको आकार, वृद्धि, र जनसङ्ख्याको अन्य विशेषताहरू दुवै उत्पत्तिमा र गन्तव्य क्षेत्रहरू परिवर्तन हुनेछ । देश भित्र बसाइसराईले जनसङ्ख्याको आकार र वृद्धि दरलाई असर गर्दैन तर यसले क्षेत्रीय र उप-क्षेत्रीय जनसङ्ख्या र देश भित्रको वृद्धिदरलाई असर गर्छ ।

प्रजनन र मृत्युदरको विपरीत आन्तरिक माइग्रेसन सबैभन्दा कम अनुसन्धान र बुझिएको घटक हो नेपालमा जनसांख्यिकीय गतिशीलताका बाबजुद नेपालका धेरैजसो सामाजिक, आर्थिक र राजनीतिक समस्याहरू आन्तरिक र अन्तर्राष्ट्रिय आप्रवासन प्रक्रियासँग जोडिएका छन् । (केसी, १९९८)

नेपाल भित्रको आन्तरिक बसाइसराइ पनि नयाँ कुरा होइन । जमिन, रोजगारी र व्यापारको खोजीमा आन्तरिक पलायन भएको थियो । व्यापार-सम्बन्धित आन्तरिक माइग्रेसन विगतमा सामान्य थियो, र यो आज पनि सानो मात्रामा देख्न सकिन्छ । व्यापारसँग सम्बन्धित गतिशीलता उच्च पहाडहरूमा बस्ने र मोबाइल जीवन शैलीको नेतृत्व गर्ने केही आदिवासीहरूको जीवनशैलीको एक भाग हो । मध्य पहाडी क्षेत्रका थकाली, मनाङ्वा र लोवा, पूर्वी पहाडी क्षेत्रका शेर्पा र वालोङचुङ भोटिया र पश्चिम पहाडी क्षेत्रका ब्यान्सी र अन्य भोटियाजस्ता परम्परागत व्यापारिक समुदायले सन् १९५० को दशकको अन्त्यसम्म गतिशीलतासँग सम्बन्धित व्यापार गर्दै आएका थिए । तर सन् १९५९ मा चीनले तिब्बतलाई गाभेपछि यो व्यापार घट्यो (थिम, २००५: १२; फुरेर हाइमेन्डर्फ, १९७५; तुलाचन, २००१)।

रोजगारी र शैक्षिक अवसरको खोजीमा मानिसहरू गाउँबाट गाउँ र शहरी क्षेत्रमा पलायन भइरहेका छन् । बाढी, पहिरोजस्ता प्राकृतिक प्रकोपले पनि जनतालाई बाध्य बनाएको छ

आफ्नो जीविकोपार्जनको लागि अन्य सम्भावित क्षेत्रहरूमा आफ्नो जन्मभूमि भाग्न आन्तरिक रूपमा विस्थापितहरू छन्. अत्यावश्यक उद्धार र सहयोगको अपेक्षा गर्दै जोखिमपूर्ण अवस्थामा रहे ।

अझै पनि, अधिकांश आन्तरिक आप्रवासीहरू ग्रामीण क्षेत्रबाट ग्रामीण क्षेत्रमा सर्छन् । कामको लागि बसाइसराइको सन्दर्भमा ग्रामीणबाट शहरी बसाइ अर्को महत्वपूर्ण आयाम हो । विगतमा गाउँबाट ग्रामीण बसाई मुख्यतया पहाडबाट तराईमा जग्गा प्राप्ति र विवाहका लागि स्थायी बसाइ सर्ने गरेको थियो । हाल, ग्रामीणबाट ग्रामीण बसाई मुख्यतया विवाह उद्देश्यका लागि हो र त्यसपछि सरकारले सडक निर्माण, जलविद्युत विकास लगायतका पूर्वाधार विकासको थालनी गरेको क्षेत्रमा काम भइरहेको छ । श्रम बसाइसराइको सन्दर्भमा, अर्थात् कामका लागि बसाइसराइ, ग्रामीणबाट सहरी बसाइसराइ महत्वपूर्ण बन्दै गएको छ । नेपालको सहरी क्षेत्रमा अनौपचारिक क्षेत्र, विशेष गरी काठमाडौं जस्ता ठूला सहरहरूमा, ग्रामीण-शहरी प्रवासीहरूको ठूलो अनुपातमा रोजगारी दिन्छ । वास्तवमा, काठमाडौंमा करिब ६०% रोजगारीका अवसरहरू अनौपचारिक क्षेत्रमा सृजना भएका छन् र यो ग्रामीण प्रवासीहरूको शोषणको प्रमुख स्रोत बनेको छ । (अधिकारी, २००७)

बसाइसराइको प्रभावको सन्दर्भमा वृद्ध, युवा र पुरूष र महिलाहरूको अनुभव फरक छ । सामान्यतया, युवा पुरूषहरू अधिक आम्दानी वा खतराहरूको सामना गर्ने सन्दर्भमा सफल हुन्छन् । उदाहरणका लागि, काठमाडौंमा भरियाको रूपमा काम गर्ने युवा आप्रवासीहरूले धेरै तौल बोक्न सक्ने भएकाले उच्च आम्दानी गर्छन् । गरीब पृष्ठभूमिका अधिकांश आन्तरिक आप्रवासीहरू मामूली कामका लागि सहरी क्षेत्र र अन्य क्षेत्रमा आउने भएकाले तिनीहरूको शारीरिक बल बढी महत्वपूर्ण हुन्छ (अधिकार र  तिमिल्सिना, २००७) ।

ऐतिहासिक रूपमा, नेपालले आन्तरिक बसाइसराइका तीनवटा भिन्न लहरहरू देखेको छ । आन्तरिकको पहिलो लहर अठारौं शताब्दीको प्रारम्भसम्म राजा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूले नेपाललाई एकीकरण गर्दा बसाइसराइ आएको थियो । यस अवधिमा आन्तरिक माइग्रेसन मुख्यतया अनिवार्य थियो तत्कालीन शासकहरूले लगाएको श्रम सेवा, जसलाई झारा श्रम भनिन्छ, जसमा युवाहरूलाई विभिन्न काममा प्रयोग गरीयो सैन्य र अन्य सामग्रीको ढुवानी, मन्दिर, दरबार, पुल निर्माण, किल्ला आदि ।

सन् १९५० को दशकमा तराईको समतल क्षेत्रमा औलो उन्मूलन भएपछि पहाडबाट समतल क्षेत्रमा बसाइसराइ एकदमै बढ्यो जुन मूलतः भूमि र स्थायी बसोबासका लागि थियो । जग्गाको अभावका कारण यस प्रकारको बसाइसराइ पनि निकै हदसम्म घटेको छ । 2001 को जनगणनामा, 2,929,062 मानिसहरू देशभित्र एक जिल्लाबाट अर्को जिल्लामा सरेका थिए (CBS, 2005) । आन्तरिक बसाइसराइका प्रमुख धाराहरू ग्रामीणबाट ग्रामीण (६८.२%), ग्रामीणबाट सहरी (२५.५%), सहरीबाट सहरी (२.८%) र शहरीबाट ग्रामीण (३.५%) हुन् ।

नेपाल माइग्रेसन सर्भे - एनआईडीएस र विश्व बैंकले गरेको अध्ययनले सन् २००९ मा करिब २६ लाख नेपालीले घरबाट टाढा अर्थात् आप्रवासी श्रमिक काम गरीरहेको देखाएको छ । जसमध्ये ०.५७ मिलियन (२२.१४%) नेपाल भित्र (आन्तरिक आप्रवासी श्रमिक) कार्यरत थिए । कुल आन्तरिक आप्रवासीहरू मध्ये, लगभग ८५% पुरूष र १५% महिला थिए। आन्तरिक बसाइसराइमा महिलाको सहभागिता सामान्य रूपमा बसाइसराइ ९१.६% पुरूष र ८.४% महिला) भन्दा निकै उच्च छ । देशभित्र रहेका कुल आन्तरिक आप्रवासीमध्ये १०% हिमाल, ४१% पहाड र ३९%  तराई १ बाट आएका थिए । धनी वर्गको हिसाबले, समानुपातिक रूपमा बढी

गरीब मानिसहरू आन्तरिक बसाइसराइमा सहभागी हुन्छन् । आन्तरिक बसाइसराइको अवधि ३४.४ महिना विदेशी श्रमिक आप्रवासी (एनआईडीएस र विश्व बैंक, २००९) को तुलनामा औसतमा ६१.१ महिना रहेको पाइएको छ ।

यी आप्रवासीहरू मुख्यतया रोजगारीको अवसरका लागि आएका थिए । 2000 को प्रारम्भमा, ग्रामीणदेखि शहरी प्रवासीहरूको ठूलो सङ्ख्या द्वन्द्व पीडितहरू थिए । धनीहरू बिचको आन्तरिक बसाई पनि एक सामान्य कारक हो । कृषि क्षेत्रमा पूँजीवादी विकासको अभाव र कृषि बचतको अभावका कारणले गर्दा हालैका दशकहरूमा ग्रामीण क्षेत्रमा रोजगारीका लागि विदेश जाने आप्रवासी परिवारका सदस्यहरूबाट आउने रेमिट्यान्सका कारण धनको सृजना भएको छ । तसर्थ, आन्तरिक माइग्रेसनको लागि आजकल अन्तर्राष्ट्रिय श्रम आप्रवासन पनि जिम्मेवार छ । बालबालिकालाई विद्यालय पठाउने र स्वास्थ्यका अवसरको पहुँचका कारण रोजगारीका लागि विदेश जाने व्यक्तिका परिवार पनि बजार केन्द्र वा सहरी क्षेत्रमा सर्छन् । रेमिट्यान्सले यी परिवारहरूलाई सहयोग गर्नेछ ।

शहरी क्षेत्रमा कामको उपलब्धता विशेष गरी गलैंचा कारखाना र तयारी पोशाकमा मध्यम स्तरका मजदुर र गरीब परिवारहरूको आन्तरिक बसाइसराइको प्रमुख कारण थियो अनौपचारिक क्षेत्रले पनि यस्ता मानिसलाई आकर्षित गरेको छ । सन् १९९० को मध्यमा कार्पेट कारखानामा करिब ०.२ मिलियन र तयारी कपडा कारखानामा ०.१ मिलियनले रोजगारी पाएका थिए तर यी उद्योगहरू घटेका कारण यो घटेको छ, तर अझै पनि यी उद्योगहरूले काठमाडौं र पोखरा जस्ता अन्य मुख्य सहरी केन्द्रहरूमा ठूलो सङ्ख्यामा कामदारहरू, सामान्यतया ग्रामीण प्रवासीहरू, रोजगारी दिन्छन् । **Yao, R., Ye, J., & Song, L. (2023)**

आप्रवासी (आन्तरिक) को प्रभाव नेपालका सन्दर्भमा सामान्यतया सकारात्मक देखिन्छ । यी प्रभावहरू मुख्यतया आम्दानीमा वृद्धि, शिक्षामा पहुँच, सीप सुधार र स्वास्थ्य जस्ता सरकारी सेवाहरूमा पहुँचमा देखिन्छन् । आप्रवासनपछि आन्तरिक आप्रवासीको औसत मासिक आम्दानीमा उल्लेख्य वृद्धि भएको छ । उदाहरणका लागि, सन् २००९ मा गरीएको नेपाल आप्रवासन सर्वेक्षणले आप्रवासीको आम्दानी आप्रवासनपछि ७.६ गुणाले बढेको देखाएको छ । नेपाल भित्रका आप्रवासीहरूको वार्षिक आम्दानी ७६३८ रूपैयाँ अनुमान गरीएको थियो तर

बसाइसराई अघि ९८७.४ रूपैया थियो । नेपालमा हाल रोजगारीमा रहेका आप्रवासीहरूमध्ये उनीहरूलाई रोजगारी दिने मुख्य क्षेत्र "सेवा" (४९%), त्यसपछि यातायात (८%), कारखाना र निर्माण (७%) र आतिथ्य (७%) रहेको छ । यहाँको सेवा क्षेत्रले सार्वजनिक सेवा (२४%), शिक्षण (८%), चिकित्सा/स्वास्थ्य (४%), वित्त/बैंकिङ (३%), सञ्चार (१%), र गैरसरकारी संस्थाहरूमा काम गर्ने र यस्तै (८%) समावेश गरेको छ। ) । बसाइसराइ अघि, तिनीहरूमध्ये अधिकांश कृषि (४९%) र स्थानीय शिक्षा (३३%) मा संलग्न थिए । तसर्थ, आन्तरिक माइग्रेसनले सीप विविधीकरण र नयाँ सीपहरू सिक्न मद्दत गरेको छ (NIDS र विश्व बैंक, 2009)। मूल स्थानको तुलनामा, आन्तरिक आप्रवासीहरूको स्वास्थ्य र शैक्षिक सुविधाहरूमा राम्रो पहुँच छ । वास्तवमा, काठमाडौं र पोखरा जस्ता सहरी क्षेत्रमा आउने आप्रवासीहरूले आफ्ना छोराछोरीलाई विद्यालय र आवश्यक परे अस्पताल पठाउन सक्छन् । कम्तिमा उनीहरूले औषधि किन्न सक्छन्, जबकि उनीहरूको उत्पत्तिमा, चिकित्सा पेशेवरलाई एक्लै औषधि पाउन पनि गाह्रो छ । तर यो पनि सत्य हो कि सहरी क्षेत्रमा आउने अधिकांश आन्तरिक आप्रवासीहरू या त जोखिमपूर्ण क्षेत्र वा अत्यधिक प्रदूषित क्षेत्रमा बसोबास गरीरहेका छन ्।

नयाँ ठाउँमा बसाइँ सर्दा वृद्धवृद्धा हराएको पाइयो । त्यसैगरी महिला आप्रवासीहरू सबैभन्दा बढी पीडित छन् । पुरूषको तुलनामा महिलाको आम्दानी कम छ । गरीब प्रवासी महिलाहरू गलैंचा कारखानामा, घरेलु कामदारको रूपमा, वा अनौपचारिक क्षेत्रमा सडकमा सामान र वस्तुहरू बेच्न वा प्रायः प्रवासी मजदुरहरूका लागि खुल्ला ठाउँमा खाना पकाउने काममा संलग्न छन् । उनीहरूको तस्करीमा पनि जोखिम हुन्छ । निर्माणमा काम गर्ने महिलालाई पुरूषको तुलनामा कम पारिश्रमिक (लगभग आधाले) दिइन्छ । नेपालमा बेचबिखन हुने अधिकांश महिलाहरू कामको खोजीमा घर छाडेर सहरी क्षेत्रमा जाने गरेका छन् ।

## २.२ सैद्धान्तिक समिक्षा

माइग्रेसनले धेरै सामाजिक-आर्थिक, जनसांख्यिकीय, राजनीतिक र वातावरणीय कारकहरूलाई असर गर्छ र असर गर्छ । तसर्थ, सार्वभौमिक माइग्रेसन सिद्धान्तको विकास माइग्रेसनको गतिशील र जटिल प्रकृतिको कारणले बाधा पुगेको छ । (DE Haa, 2021 and king 2012)

समाजशास्त्र, अर्थशास्त्र, राजनीति विज्ञान, भूगोल, र सम्बन्धित विषयहरूमा फरक दृष्टिकोणबाट रेभेन्स्टाइन (माइग्रेसनको नियम) को पहिलो प्रयासदेखि धेरै सिद्धान्तहरू विकसित भएका छन् । यी सिद्धान्तहरू व्यापक रूपमा दुई प्रकारका छन् क) कार्यात्मक ख) ऐतिहासिक-संरचनात्मक (Hass, 2021)

माइग्रेसनको कार्यात्मक सिद्धान्तहरू जस्तै पुश-पुल मोडेल, नव-शास्त्रीय सन्तुलन मोडेल, माइग्रेसन प्रणाली सिद्धान्त, माइग्रेसनको नयाँ अर्थशास्त्रले बताउँछ कि प्रवास लागत-लाभ विश्लेषणमा आधारित व्यक्ति वा परिवारको तर्कसंगत निर्णय हो (Haas et. al 2021) ।

1966 मा एभरेट ली द्वारा प्रस्तावित पुश-पुल सिद्धान्तले पुश कारकहरू उत्पत्तिको क्षेत्रसँग सम्बन्धित छन् भनी छलफल गरेको छ, जबकि पुल कारकहरू गन्तव्यको क्षेत्रसँग जोडिएको छ (Less, 1966) ।

पुश-पुल कारकहरूले मानिसहरूलाई क्षेत्रबाट टाढा पछ्याउँछन् र तिनीहरूलाई नयाँ स्थानमा आकर्षित गर्छन् । पुश-पुल कारकहरूको संयोजनले एक ठाउँबाट अर्को ठाउँमा विशेष आप्रवासन वा आप्रवासन निर्धारण गर्दछ। यस सिद्धान्तलाई नियोक्लासिकल माइग्रेशन मोडेलको प्रोटोटाइपको रूपमा सोच्न सकिन्छ (Haas, 2028)।

यसको विपरीत, माइग्रेसन थ्योरीको नयाँ अर्थशास्त्रले गरीबीमा परिवारको जोखिम न्यूनीकरण गर्न व्यक्तिगत भन्दा परिवारले बसाइ सर्ने निर्णय गर्छ भन्ने प्रस्ताव गरेको छ । (bloom & Stark,1985) । यी सबै सिद्धान्तहरूले माइग्रेसनलाई सूक्ष्म दृष्टिकोणबाट वर्णन गर्छन्

प्रवासको ऐतिहासिक-संरचनात्मक सिद्धान्तहरू जस्तै नव-मार्क्सवादी द्वन्द्व सिद्धान्त, विश्व-प्रणाली सिद्धान्त, दोहोरो श्रम बजार सिद्धान्त, अर्कोतर्फ, संरचनात्मक आर्थिक, र शक्ति असमानताको परिणामको रूपमा प्रवासलाई व्याख्या गर्दछ; यसरी, तिनीहरूले माइग्रेसनलाई म्याक्रो परिप्रेक्ष्यबाट हेर्छन् । Bell , Bernard , Edwards, Zhu , 2020, Frank, 1966 & Piore,1979 दुबै प्रकारका सिद्धान्तहरूले माइग्रेसन घटनालाई बुझ्न योगदान पुऱ्याएका छन् । कार्यात्मक सिद्धान्तहरू तिनीहरूको स्थिर प्रकृति (पुश-पुल मोडेल) र प्रवासको सामाजिक र भौगोलिक भिन्नता प्रकृतिको व्याख्या गर्न असमर्थताको लागि आलोचना गरीन्छ । यद्यपि, यी


सिद्धान्तहरू सूक्ष्म-स्तर (King, 2012) बाट आन्तरिक माइग्रेसनको व्याख्या गर्न प्रमुख छन् । अर्कोतर्फ, म्याक्रो-स्तरको सिद्धान्तले आन्तरिक माइग्रेसनलाई विकाससँग जोड्छ, एक सामाजिक-आर्थिक संरचना जसले सूक्ष्म-स्तरमा निर्णयलाई प्रभाव पार्छ । उदाहरण को लागि, Zelinsky को गतिशीलता संक्रमण परिकल्पना जनसांख्यिकीय संक्रमणसँग माइग्रेसन को स्तर र दिशा को सम्बद्ध गर्दछ । गतिशीलता संक्रमण परिकल्पनाले बताएको छ कि प्रारम्भिक संक्रमणकालीन समाजले ठूलो मात्रामा ग्रामीणदेखि शहरी बसाइसराइको अनुभव गर्दछ । यसको विपरित, उन्नत र अति-उन्नत समाजले ग्रामीणबाट शहरी बसाइसराइमा गिरावटको अनुभव गर्दछ, र फलस्वरूप, शहरीबाट शहरी बसाइसराइ बढ्छ (Frank, 1966) । यसरी, यी सबै जटिलता र प्रासंगिक भिन्नताले आन्तरिक माइग्रेसन बुझ्नको लागि बहुस्तरीय सिद्धान्तमा नेतृत्व गर्दछ । (King, 2012) ।

बसाइसराइको कारणहरूलाई व्यापक रूपमा आर्थिक, सामाजिक र वातावरणीय कारकहरूको रूपमा वर्गीकृत गर्न सकिन्छ (चित्र १) । गन्तव्य क्षेत्रमा रोजगारी र व्यापार अवसरहरू महत्वपूर्ण आर्थिक परिसर हुन् जसले मानिसहरूलाई आन्दोलनको लागि आकर्षित गर्दछ (Harris &, Todaro, 1970) अर्कोतर्फ, उत्पत्तिको क्षेत्रमा कम अवसरले धक्का कारकको रूपमा कार्य गर्दछ । त्यसैगरी सामाजिक कारणहरूले स्वैच्छिक र जबरजस्ती बसाइसराइ दुवैलाई समावेश गर्दछ । बंगलादेशमा, विवाह महिलाहरूको आन्तरिक बसाइसराइको प्रमुख कारण हो । गन्तव्य क्षेत्रमा राम्रो शिक्षा सुविधाले पनि युवा जनसङ्ख्यालाई बसाइसराइतर्फ धकेल्छ । पारिवारिक, राजनीतिक र धार्मिक समस्याहरूले पनि मानिसहरूलाई बसाइसराइमा धकेल्न सक्छ । अन्तमा, प्राकृतिक प्रकोप जस्ता वातावरणीय कारकहरूले धक्का कारकको रूपमा काम गर्छन् ।

## २.३ आन्तरिक बसाइसराइको अवधारणात्मक ढाँचा

नेपाल जस्तो देशमा पहाडबाट तराई र ग्रामिण भेगबाट शहरतिर बसाइ सर्नेको दर उच्च रहेको छ । जसको मुख्य कारण शिक्षाको अभाव, स्वास्थ्यको अभाव, यातायात खानेपानी विद्युतको अभाव रहेको छ । आन्तरिक बसाइसराइको कारणहरूलाई अवधारणात्मक ढाँचामा देखाउन सकिन्छ ।

**आन्तरिक बसाइसराइको अवधारणात्मक ढाँचा**



# अध्याय तीन

# अनुसन्धान पद्धति

यस अनुसन्धान विधि अन्तर्गत अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनौट, तथ्याङ्कको स्रोत र प्रकृति, अध्ययनको समग्रता र तथ्याङ्क सङ्कलनका विधिहरू, तथ्याङ्क विश्लेषण जस्ता विषयलाई समावेश गरीएको छ ।

## ३.१.अध्ययनको क्षेत्र छनौट र औचित्य

यस अध्ययन क्षेत्रबाट बसाइसराइ गरीजाने मानिसहरूको बाहुल्यता एकदमै बढिरहेको छ । यस क्षेत्रमा बसाइसराइको अध्ययन नभएकाले  यस क्षेत्रलाई अध्ययन गर्नका लागि उपयुक्त मानी छनौट गरीएको छ । दिपायल सिलगढी नगर पालिका वडा नं. ५ र ६ लाई छोडेर अन्यत्र बसाइसराइ गरेर गइसकेपछि छोडी जाने ठाउँको आर्थिक र सामाजिक जीवनमा परेको प्रभाव के कस्तो रहेको छ भनी पत्ता लगाउन यो क्षेत्र छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययन बसाइसराइको कारणहरू प्रभावको खोजि गर्दा अन्वेषणात्मक तथा व्याख्यात्मक अनुसन्धान ढाँचाको प्रयोग गरीएको छ । यस अध्ययनमा बसाइसराइ गरेर गइसकेपछि यस क्षेत्रका व्यक्तिहरूको आर्थिक र सामाजिक पक्षको बारेमा सूचना सङ्कलन गर्ने प्रयत्न गरीएको छ । बसाइसराइको कारण अन्वेषणात्मक विधि प्रयोग गरी खोजी गरीएको छ । प्राप्त तथ्याङ्कका आधारमा निश्कर्ष निकालिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनका लागि प्राथमिक तथा द्वितीय स्रोतका तथ्याङ्क सङ्कलन गरीने छ र गुणात्मक तथा परिमाणात्मक खालका तथ्याङ्क सङ्कलन अर्न्तवार्ताबाट सङ्कलन गरीएको छ । भने सहभागी अवलोकनका माध्यमबाट तथ्याङ्क सङ्कलन गरीएको छ । वडा कार्यालय, नगरपालिका, जिल्ला समन्वय समिति, केन्द्रीय तहका विभिन्न किसिमका सरकारी तथा गैरसरकारी कार्यालयका साथै विभिन्न समाजशास्त्रीय विद्वानहरूले लेखिएका लेख, रचना,

पत्रपत्रिका पुस्तक, प्रतिवेदन, अनलाइन लेख, विभिन्न वेवसाइटका अभिलेखहरू साथै विभिन्न शोधपत्रबाट द्वितीय तथ्याङ्क सङ्कलन प्रयोग गरीएको छ ।

गुणात्मक खालका तथ्याङ्कका रूपमा बसाइसराइका कारण समाजमा आएको परिवर्तन, मानिसहरूको सङ्ख्या, आम्दानी, उमेर, पेशा, भाषा, धर्म, जातजाती आदिका आधारमा मानिसहरूको वितरण रहेको छ ।

### ३.४ अध्ययनको समग्रता र नमूना छनौट

यो शोधको कार्यक्षेत्र दिपालय सिलगढी नगर पालिका वडा नं. ५ र ६ भित्रका बसाइसराइ गरी गएका क्षेत्रका वरिपरि बसोबास गर्ने व्यक्तिहरू पर्दछन् । यो शोधले एक निश्चित ठाउँको अध्ययन गर्ने भएकोले सम्पूर्ण देशको प्रतिनिधित्व गर्न सक्दैन । देशमा सङ्घियता लागु भएपछि मानिसहरू स्थानीयतहमा बसाइसराइ गरेपछि र प्रदेशको राजधानी धनगढी तोकिएपछि बसाइसराइ गरी गएका थिए त्यस पछि बसाइसराइ गरेर गए पछि घरहरू रित्ता भएका छन् । उक्त रित्ता भएका घरपरिवार र वरपरका छिमेकीहरू यस अध्ययनको छनोटमा परेका छन् । यसमा यस क्षेत्रबाट  बसाइसराइ गरेर गएका २०० घरपरिवार मध्ये मध्ये धनगढीमा बसाई सरेका ३५ घरपरिवार लाई सम्भावना विहिन अन्तर्गतको उद्देश्यमुलक नमूना छनौट विधि प्रयोग गरी नमूना छनौट गरीएको छ ।

### ३.५ तथ्याङ्क संकलन  विधि

यस खण्डमा अध्ययनले समावेश गर्ने अनुसन्धान ढाँचा, जनसङ्ख्या नमुना, सूचना सङ्कलनका साधनहरू तथ्याङ्क सङ्कलनका प्रक्रिया उल्लेख गरीएको छ । बसाइसराइमा संलग्न व्यक्तिहरू, उमेर, लिङ्ग, जातजाती, शैक्षिक स्थिती, आर्थिक सामाजिक पक्षका बारेमा तथ्याङ्क सङ्कलन गरीएको छ ।

#### ३.५.१ प्रश्नावली सर्वेक्षण

अनुसन्धानका लागि पूर्वनिर्धारित उद्देश्यहरूको आधारमा योजनावद्ध रूपले तयार गरीएका प्रश्नहरूको संगालोलाई प्रश्नावली भनिन्छ । प्रश्नावली खुला र बन्द गरी दुई प्रकारका   हुन्छ । आफ्ना विचारहरू स्वतन्त्र रूपले व्यक्त गर्न सकिने प्रश्नावलीलाई खुला प्रश्नावली  भनिन्छ भने निश्चित परिधिमा रही उत्तर दिनुपर्ने प्रश्नावलीहरूलाई बन्द प्रश्नावली  भनिन्छ । अनुसन्धानका

क्रममा विभिन्न तथ्यहरू बारे यथार्थ जानकारी हाँसिल गर्नका लागि सम्बन्धित पक्षहरूसँग उद्देश्य अनुसारका प्रश्नावलीहरूको प्रयोग गर्नुपर्ने हुन्छ । जसबाट सम्बन्धित पक्षको यथार्थ वस्तुस्थिति आँकलन गर्न सहज हुन जान्छ । त्यसैले यस अध्ययनका क्रममा उपयुक्त ढंगबाट प्रश्नावलीको प्रयोग गरीएको छ । प्रश्नावली सर्वेक्षण विधिको माध्यमबाट नमुना छनोटमा परेका ३५ घर परिवारका घरमूलीसँग र घरमूली उक्त समयमा नभेटिएमा घर परिवारका अन्य जानकार सदस्यसँग अन्तर्वार्ता गरी बसाई सरी धनगढी जाने घर परिवारमा तथ्याङ्क सङ्कलन गरीएको छ ।

### ३.५.२ गहन अन्तरवार्ता

अन्तर्वार्ताका लागि तयार गरीएको लिखित प्रश्नहरूको सूचीलाई अन्तर्वार्ता अनुसूची भनिन्छ । जसलाई अन्तर्वार्ताकार स्वयंले उत्तरदाताको आमुने सामुने भएर सोध्ने र प्राप्त उत्तर लेख्ने गर्दछ । अन्तर्वार्ताकारले आफैं उत्तर दिने हुँदा यो विधि बढी विश्वसनीय हुने र यसबाट सही सूचना प्राप्त हुने विश्वास गरीएको छ । जसका लागि अध्ययन क्षेत्रका शिक्षक - २, अगुवा - २, जेष्ठ नागरीक ३ र ३ राजनितिक प्रतिनिधी संग गहन अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क सङ्कलन गरीएको छ । गहन अन्तर्वाता मार्फत उद्गम स्थानमा परेको सामाजिक, आर्थिक, सांस्कृतिक प्रभाव र बसाइसराइ बढ्दै जानुको कारण सम्वन्धि सूचना प्राप्त गरीएको छ ।

### ३.५.३ अवलोकन

कुनै विषयवस्तु वा घटनाको गहिरो र विश्लेषणात्मक अध्ययन गर्नु नै अवलोकन हो । यसले अनुसन्धानकर्तालाई प्रत्यक्षः सहभागी भएर घटना, समस्या वा कुनै विषयवस्तुको गहिराइसम्म पुगी त्यसको सही विश्लेषण गर्न सघाउँछ । उत्तरदाताहरूको बाह्य अवलोकनबाट पनि उनीहरूको अवस्था, परिवर्तन र पहिले र अहिलेको तुलना गरी आएको परिवर्तनबाट पनि उनीहरूको अवस्था बुझिएको छ । त्यसैगरी उद्गम स्थानको बस्ती, सामाजिक संस्था, बजारको स्थिती अवलोकन गरीएको थियो ।

### ३.५.४ लक्षित समूह छलफल विधि

बिभिन्न व्यक्तिहरूबाट ३ वटा केन्द्रित समूह छलफल गरीएको छ । जसमा ८ जना पुरूषको समूह , ७ जना महिला एउटा समूह बसाइ सरी जाने र अर्को स्थानीय जनप्रतिनिधि समूह

निर्माण निश्चित समय निर्धारण गरी अध्ययनकर्ता स्वयंले छलफल संचालन गराई उनीहरूको उत्तर टिपोट गरीएको छ  यो छलफल गर्दा लक्षित समूह छलफल निर्देशिका र छलफलको लागि प्रश्न निर्माण गरीएको छ । लक्षित समूह छलफल २/२ घण्टासम्म गरीएको थियो ।

## ३.६ तथ्याङ्कको विश्वसनियता एवं प्रमाणिकता

यस शाेध कार्यको क्रममा प्रयोग गरीएका तथ्याङ्क संकलन गर्ने सामग्रीलाई साथी सँग छलफल गरी पूर्व–परिक्षण गरी प्रयोग गरीएका छन् । त्यसैगरी तथ्याङ्क संकलनको क्रममा त्रिकोणिय विधि प्रयोग गरीएको छ । जसमा समूह छलफल, प्रश्नावली, सर्वेक्षण र अवलोकन गरीएको छ । त्यसैले यसबाट प्राप्त तथ्याङ्क विश्वसनिय र प्रमाणिक छन् । अनुसन्धानकर्ता लामो समयसम्म यस समुदाय सँग राम्रोसँग घुलमिल भई बसेको, आत्मीयता र विश्वसनियताका साथ दोहोऱ्यार्य, तेहऱ्याई प्रश्न गरीएको र त्यस समुदायसँग तथा परिचित समूहसँग सोधपुछ गरीनुका साथै आँकडाहरूको पुनः परीक्षण समेत गरी बढी विश्वसनियता र प्रमाणिकता बनाइएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण

दिपायल सिलगढी नगर पालिकाबाट बसाइ सरेर धनगढी व्यक्तिहरू र यहाँ बसोबास गर्दै आएका व्यक्तिहरूलाई आधार मानेर यो अध्ययन गरीएको छ । सबै सङ्कलित सूचनाहरू, तथ्याङ्कहरू प्रशोधन गरेर विश्लेषणयोग्य बनाइएको छ । यस क्रममा तथ्याङ्कहरुको सम्पादन वर्गीकरण तालिकीकरण गरिएको छ र सबै तथ्याङ्कहरूलाई सामान्य गणितीय र तथ्याङ्कीय जस्तै औसत प्रतिशतमा (अंकगणितीय) विश्लेषण गरीएको छ ।

अध्ययनको खास उद्देश्य अनुसार अध्ययन क्षेत्रबाट बसाइ सरेर गएकाहरूको बसाइ सर्नुको कारण पत्ता लगानु र बसाइ सरेर गइसकेपछि यस क्षेत्रमा परेको प्रभावको विश्लेषण, बसाइ सरेर गइसकेपछि यहाँको आर्थिक क्षेत्रमा परेको असर सामाजिक, सांस्कृतिक क्षेत्रमा परेको असरहरू पनि पत्ता लगाउनु थियो विविध पक्षहरूलाई नजिकबाट नियाल्नको लागि तिन किसिमको प्रश्नहरू तयार गरीएको छ । यहाँबाट बसाइ सरेर गइसकेका, यही बस्दै आएका र स्थानीय सरकारलाई प्रश्नावली भेटेर मौखिक प्रश्न सोधे पश्चात त्यसलाई विश्लेषण गरीएको छ ।

# अध्याय - चार

# तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

## ४.१ सिलगढीको बसाइसराइको इतिहास

दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ सिलगढी सदरमुकामको प्रमुख प्रशासनिक र व्यापारिक इलाका रहेको थियो । सिलगढी बजार पश्चिम नेपालका ठूला बजारमध्येको एकमा पर्ने ठाउँ हो । बाइसे चौविसे राज्य हुँदा अछामी, बझाडी, बिमकोटे र दर्लामी राजाहरू किनमेलका लागि यहाँ आउने गर्दथे । जुम्ला, हुम्ला, अछाम, बाजुरा देखी सुर्खेतका मानिसहरूको चहलपहल हुने गर्दथ्यो । स्थानीयको अनुसार यातायातको विकास र सङ्घीय संरचना अनुसार सबै काम स्थानीय तहमा हुने र जिल्लामा चहलपहल कम भएको र व्यापार व्यवसायमा मन्दिर भएको र सुदूरपश्चिमको राजधानी पनि धनगढी भएको कारण मानिसहरू यस क्षेत्रबाट बसाइ सर्दै धनगढी र काठमाडौं गएको देखिन्छ ।

वडा नं. ५ का अधिकांश जसो मानिसहरू पहिले देखि नै जिविकोपार्जनको लागि खेतिपातिबाट खान पुग्न पनि धौधौ पर्ने भएकोले पुरूषहरू महिलाहरूलाई घरमा हेरचाहको लागि छोडी भारत पलायन हुने गरेको पाइन्छ । उनीहरूको बसाइसराइ अस्थायी र मौसमी मात्र थियो किनभने उनीहरू वर्षमा एक पटक घर आउने गर्दथे । विस्तारै कतिपयले पैसा कमाउन थाले र तराइ क्षेत्रमा जग्गा जमिन किनी उनीहरू परिवारलाई नै लगी त्यहाँ बसाइसराइ गर्न थाले ।

त्यस्तै वडा नं. ६ मा पनि अधिकांस सरकारी जागिर र व्यापार गर्ने गर्दथे उनीहरूले धेरैजसोले काठमाडौं धनगढीमा जग्गाहरू किनेका थिए । छोराछोरीहरूलाई पढाउन सहरतिर पठाएका थिए । जब सन्ततीहरू पढि उतै जागिर भए उनीहरूका बुबाआमा पनि उनीहरूसँगै पहिले किनेको जग्गामा घर बनाउदै उतै बसाइ सर्न थाले बिस्तारै संरचनाहरू स्थानीय केन्द्रीत भएपछि सिलगढी सुनसान नै बन्न पुगेर मानिसहरू कामको अवसर र जिविकोपार्जनको लागि सहरतिर बसाइसराइ गर्न थाले ।

## ४.२ लिङ्ग अनुसारको बसाइसराइको अवस्था

नेपालको २०७८ को जनगणनाको तथ्याङ्क हेर्दा महिलाको प्रतिशत ५१.०२ प्रतिशत र पुरूषको ४८.९८ प्रतिशत रहेको छ । यहाँ पुरूषको भन्दा महिलाको ३ प्रतिशत सङ्ख्या बढी देखिन्छ । यस अध्ययन क्षेत्रमा भने बसाइसराइ गरेर गएका मानिसहरूमा महिलाको भन्दा पुरूषको सङ्ख्या बढि देखिन्छ । घर बाहिर जाने काममा पुरूषको सङ्ख्या बढी देखिन्छ । बढी जसो महिलाहरू घर भित्रको काम कृषि कार्यमा बढी समय बिताउने गरेको देखिन्छ । साथै यस क्षेत्रका महिलाहरू घर वरपर तरकारी लगाउने, केही महिला व्यापार व्यवसायको काम गर्ने गर्दछन् भने पुरूषहरू व्यापार, व्यवसायिक कुखुरा पालन, व्यवसायिक तरकारी खेती र पशुपालन गर्ने गर्दछन् । कुन लिंगका मानिसहरू यस क्षेत्रबाट बसाइसराइमा बढी संलग्न रहेको छ भन्ने कुरा लिङ्गअनुसारको बसाइसराइले पुष्टि गर्दछ । त्यसै दि.सि.न.पा वडा नं. ५ र ६ बाट लिइएको तथ्याङ्क अनुसार महिला पुरूषको सङ्ख्यालाई निम्नानुसार देखाउन खोजिएको छ ।

**तालिका नं १**

**लिङ्ग अनुसारको बसाइसराइको अवस्था**

| वडा नं. | महिला | प्रतिशत | पुरूष | प्रतिशत |
|---|---|---|---|---|
| ५ | १३८ | ५८.९७ | १३९ | ५३.२५ |
| ६ | ९६ | ४१.०२ | १२२ | ४६.७४ |

स्रोत : दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ को वडा कार्यालय, २०८०

माथिको तालिका अनुसार लिङ्गअनुसार दि.सि.न.पा वडा नं. ५ बाट बसाइसराइ सराइ गरी जानेमा महिला ५८.९७% र पुरुष ५३.२५% रहेको छ भने वडा नं. ६ मा महिला ४१.०२% र पुरूष ४६.७४% रहेको छ । जसमा पुरूषको सङ्ख्या बढी रहेको छ ।

## ४.३ बसाइसराइको प्रवृत्ति

बसाइसराइको प्रवृत्तिले ५ वर्षमा सुरूदेखि अहिलेसम्म बसाइसराइ गर्नेको सङ्ख्या र वार्षिक वृद्धिदरलाई देखाइएको छ ।

**तालिका नं. २**

**बसाइसराइको प्रवृत्ति**

| साल | वडा नं. | | जम्मा | वृद्धिदर |
|---|---|---|---|---|
| | ५ | ६ | | |
| २०७५ | २८ | ४४ | ७२ | - |
| २०७६ | ३७ | २७ | ६४ | -११.११ |
| २०७७ | ७२ | ५३ | १२५ | ९५.३१ |
| २०७८ | ५९ | १० | ६९ | -४४.८ |
| २०७९ | ८१ | ८४ | १७५ | १५३.६२ |


स्रोत : दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ को वडा कार्यालय, २०८०

माथिको तालिका अनुसार बसाइसराइको प्रवृत्तिलाइ हेर्दा दि.सि.न.पा वडा नं. ५ र ६ मा स्थानीय सरकार आइसकेपछि हरेक वर्ष दिन प्रतिदिन बसाइसराइ गर्ने बढ्दो रहेको छ । २०७५ सालमा वडा नं ५ मा २८ र वडा नं. ६ मा ४४ रहेको छ भने २०७६ सालमा वडा नं. ५ मा ३७ र वडा नं. ६ मा २७ गरी जम्मा ६४ ले बसाइसराइ गरेका थिए । २०७७ सालमा वडा नं. ५ मा ७२ र वडा नं. ६ मा ५३ गरी जम्मा १२५ जनाले बसाइसराइ गरेका थिए बसाइसराइ वृद्धिदर ९५.३१ रहेको छ । त्यस्तै २०७८ सालमा वडा नं. ५ मा ५९ र वडा नं. ६ मा १० गरी

जम्मा ६९ ले बसाइसराइ गरेका थिए । २०७९ सालमा आउदा वडा नं. ५ मा बसाइसराइ गर्नेको प्रवृत्ति ८१ छ भने वडा नं. ६ मा ८४ रहेको छ । वृद्धिदर १५३.६२ रहेको छ । क्रमिक रूपमा यस डाटालाई हेर्दा बसाइसराइको प्रवृत्ति बढ्दो रहेको छ । समाजमा नजिकैको घरधुरीले बसाइसराइ गरे पनि अन्य व्यक्तिहरूले पनि बसाइसराइ गर्नको लागि तयार हुने गरेकोले वृद्धिदर एकदमै बढ्दो रहेको छ । वृद्धिदरलाई तलको चार्टमा पनि देखाइएको छ ।

**चित्र नं. १**

**बसाइसराइको प्रवृत्ति**




## ४.४ सामाजिक, आर्थिक अवस्था

बसाइसराइले सामाजिक प्रक्रिया र सामाजिक सञ्जालसँग समेत अभिन्न ढङ्गबाट जोडिएको हुन्छ । प्रवासमा गएका व्यक्तिहरूले गन्तव्य स्थानमा सामाजिक भाषा, संस्कृति, परम्परा र मूल्यमान्यता आत्मसाथ गर्नुपरेको हुन्छ । गन्तव्य देशको सामाजिक संरचनामा प्रवासीहरूले पनि घुलमिल गर्नुपर्दछ । बसाइसराइले समाजका संरचना र  सामाजिक मुल्यमान्यताहरूलाई

पनि प्रभावित गर्दछ । बसाइसराइले सामाजिक पूँजी प्रोत्साहित गर्न मद्दत गर्दछ भने सामाजिक सञ्जाललाई वृहत् गर्दछ । बसाइसराइद्वारा सम्पर्कहरू स्थापित हुन्छन् भने आर्थिक क्षेत्रमा सक्रिय प्रवासीहरूले आर्थिक आयआर्जनद्वारा आफ्नो सामाजिक हैसियतमा समेत पर्याप्त सुधार गर्दछन् ।

### ४.४.१ उमेरको आधारमा उत्तरदाताको विवरण

उमेरले मानिसको शारीरिक अवस्था, जिम्मेवारी, भूमिका र उत्तरदायित्वलाई बुझाउँछ । विशेष गरी १५ देखि ५९ उमेर समूहका मानिसलाई आर्थिक रूपले सक्रिय जनसङ्ख्या मानिन्छ । यस उमेर समूह भन्दा कम वा वढी उमेर समूहका मानिसलाई निष्कृय मानिन्छ । बसाइसराइ प्रक्रियामा पनि उमेरको प्रभाव पार्दछ । वर्तमान समयमा वयस्क मानिसहरू आफ्ना वालवच्चालाई शिक्षा दिन शहरमा वस्न थालेका छन । जवान जोडिहरू भने जन्मथलो वाहिर वा शहरमा नै घर र जग्गा किनेर बस्न थालेका छन् । (गौतम,१९९९) १५ देखि ५९ उमेर समूहका मानिसहरू नै बसाइसराइमा बढी संलग्न भएको पाइन्छ । अहिले धेरैजसो मानिसहरू आफ्ना सन्तानलाई राम्रो शिक्षा दिनको लागि गाउँबाट शहरतिर बसाइसराइ गर्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रमा पनि युवाहरू धेरैजसो पढ्न जाने र शहरतिरै जागिर गर्ने र विदेशतिर अध्ययन र काममा जाने कारण आफ्नो जन्मभूमिमा नआउनाले बसाइसराइ भइरहेको पाइएको छ । तसर्थ कुन उमेरका मानिसहरू बसाइसराइ प्रक्रियामा संलग्न छन् भन्ने कुरालाई पुष्टि गर्नको लागि उमेरको आधारमा उत्तरदाताको विवरणलाई उल्लेख गरीएको छ ।

**तालिका नं. ३**

**उमेरको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | उमेर | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २० वर्ष भन्दा मुनि | ५ | १४.२८ |
| २ | २० वर्ष देखि ३० | १७ | ४८.५७ |
| ३ | ३० वर्ष देखि ४० | ८ | २२.८५ |
| ४ | ४० वर्ष देखि ५० | ५ | १४.२८ |
| ५ | जम्मा | ३५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

वि.सं. २०८० मा ३५ जनाको सर्वेक्षण गरीएको थियो । तालिका नं. ३ ले सबैभन्दा ठूलो जनसङ्ख्याको आकार उमेर समूह २० देखि ३० मा कुल नमुना जनसङ्ख्याको ४८.५७% हो । जनसङ्ख्याको दोस्रो ठूलो समूह ३० देखि ४० को उमेर समूहमा पर्दछ जसमा ८ (२२.८५%) रहेको छ । २० वर्ष मुनिको जनसङ्ख्या ५ (१४.२८%) रहेको छ । त्यस्तै ४० देखि ५० वर्ष उमेरमा पनि ५ (१४.२८%) रहेको छ । टोडारो (१९६९)को बसाइसराइको सिद्धान्त अनुसार नै यस क्षेत्रमा उत्पादनशील उमेर समूह २० देखि ३० वर्ष (४८.५७% ) बसाइसराइ गर्नेको उच्च हो । यहाँ बसाइँ सरेका मा युवा पुस्ता र उनीहरूका छोराछोरी रहेका छन् । बसाइसराइ गर्नेमा वृद्धवृद्धाहरूको सङ्ख्या निकै कम रहेको छ । ६० वर्ष भन्दा माथिका ज्येष्ठ नागरीकले कमैले आफ्नो जन्मथलो छोडेको पाइयो । सकेसम्म जन्मथलो छोड्न नचाहेको पाइयो । समाजलाई चाहिने दक्ष जनशक्तिले बसाइसराइ धेरै गर्ने गरेको अध्ययनले देखाएको छ ।

### ४.४.२ लिङ्गको आधारमा उत्तरदाताको वितरण

बढी जसो महिलाहरू घर भित्रको काम कृषि कार्यमा बढी समय बिताउने गरेको देखिन्छ । साथै यस क्षेत्रका महिलाहरू घर वरपर तरकारी लगाउने, केही महिला व्यापार व्यवसायको काम गर्ने गर्दछन् भने पुरूषहरू व्यापार, व्यवसायिक कुखुरा पालन, व्यवसायिक तरकारी खेती र पशुपालन गर्ने गर्दछन् । कुन लिंगका मानिसहरू यस क्षेत्रबाट बसाइसराइमा बढी संलग्न रहेको छ भन्ने कुरा लिङ्गअनुसारको बसाइसराइले पुष्टि गर्दछ । कुन  लिङ्गका मानिसहरू बढी बसाइसराईमा संलग्न रहेका छन भन्ने विषयले महत्व राख्ने भएकाले यहाँ उत्तरदाताको लैंङ्गिक अवस्थालाई उल्लेख गरीएको छ । त्यसै दि.सि.न.पा वडा नं. ५ र ६ बाट लिइएको तथ्याङ्क अनुसार महिला पुरूषको सङ्ख्या निम्नानुसार रहेको छ ।

**तालिका नं. ४**

**लिङ्गको आधारमा उत्तरदाताको वितरण**

| **क्र.सं.** | **लिङ्ग** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | महिला | १५ | ४२.८५ |
| २ | पुरूष | २० | ५७.१४ |
| | जम्मा | ३५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. ४ मा उल्लेख गरीए अनुसार बसाइसराइ गर्नेमा पुरूषको सङ्ख्या बढी देखिन्छ । पुरूषहरू रोजगारी, व्यापार आदि वाहिरको काम गर्ने र महिलाहरू घरकै काम गर्ने कोही कोही सामान्य व्यवसाय र रोजगारी पनि गर्ने गरेका छन् । तालिका अनुसार महिला १५(४२.८५%) र पुरूष २० (५७.१४%) रहेको महिलाको तुलनामा पुरूषको सङ्ख्या बढी रहेको छ ।

### ४.४.३ जातजातिको आधारमा उत्तरदाताको वितरण

जन्मको आधारमा निर्धारण गरीएको हैसियतलाई जात भनिन्छ । नेपाली समाजमा विभिन्न जातका मानिसहरूको बसोबास रहेको छ । यी जातहरूलाई मूलतः चार वर्ण व्यवस्थामा आधारित भएको देखिन्छ । ब्राम्हण, क्षेत्री, वैश्य र सुद्रका आधारमा मानिसलाई पहिले देखिनै विभाजन गर्दै आएको पाइन्छ । यी जाती विभाजनका विभिन्न पेशागत स्वरूपहरूका केही हिस्सा आजको समाजमा पनि देखिन्छ । जहाँ मानिसका जातकै आधारमा पेशालाई निर्धारण गरीएको छ । पुरोत्याइँ गर्ने ज्ञान र शिक्षा आर्जन गर्ने ब्राम्हण, सैनिक र प्रशासकीय काम गर्ने क्षेत्रीय, पशुपालन व्यापार र व्यवसाय गर्ने वैश्य तथा श्रम शिल्पकारी र सेवाको काम गर्ने शुद्र गरी चार वर्ण व्यवस्थामा विभाजन गरीएको छ (आहुती, २०६७) । देशमा रहेका विभिन्न मानिसहरूले आफ्नो जीवनयापनका विभिन्न प्रकारका कामहरूलाई पेशाका रूपमा अंगिकार गरेका हुन्छन् । पेशाहरू धेरै प्रकारका हुन्छन् । कुनै व्यक्ति द्वारा सम्पादन गरीने काम उसको पेशा हो भने त्यस्तो पेशामा रहेका व्यक्तिको काम र कर्तव्यलाई दक्षता पूर्ण सञ्चालन गर्नु सिप भएकाले कामको प्रकृति, शैक्षिक योग्यता, अनुभव, तालिम, दक्षता आदीका आधारमा पेशालाई वर्गिकरण गरीएको छ । नेपालमा एउटै कामदार २/३ पेशामा संलग्न भएको पाइन्छ । त्यस्तो अवस्थामा कामदारले जुन पेशामा बढी समय खर्चेको हुन्छ वा बढी आयआर्जन गरेको हुन्छ त्यसैलाईनै मूख्य पेशा मानिएको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०५६) । बसाइसराई प्रक्रियाले मानिसको जातिगत पेशा छनोटमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । परम्परागत पेशा अपनाइरहेको मानिसहरू पनि नयाँ ठाउँमा रोजगारी छनौटको पर्याप्त अवसर हुने भएकाले क्षमताका आधारमा पेशा अपनाइरहेको देखिन्छ । नेपाली समाजमा विभिन्न कार्य विभाजनका कारण बसाइसराइको प्रवृत्ति फरक फरक छ । पहिले पहिले क्षेत्री जनजाती सेना र प्रहरी सेवाका काम गर्ने क्रममा विभिन्न ठाउँमा बसाइसराइ गर्ने दर रहेको थियो । पछि राज्यले संरचना परिवर्तन गरी प्रदेशको राजधानी तोके पछि पहाडबाट तराइतिर बसाइसराइ गर्नेको दर बढ्दो रहेको छ ।

**तालिका नं. ५**

**जातजातिको आधारमा उत्तरदाताको वितरण**

| **क्र.सं.** | **जतजाति** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | ब्राह्मण | ७ | २० |
| २ | क्षेत्री | ८ | २२.८५ |
| ३ | नेवार | १३ | ३७.१४ |
| ४ | दलित | ७ | २० |
| | जम्मा | ३५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका नं. ५ अनुसार सबैभन्दा बढी अध्ययन क्षेत्रमा  ३७.१४% नेवार जातिको बसाइसराइ गरेको बढी पाइएको छ । नेवार जातिहरू पहिलेदेखि व्यापार व्यवसाय, रोजगारीमा लागेको कारण शहरतिर जग्गा जमिन किन्दै गएको कारण अवकाश पछि उतै घर बनाएर बसाइ सर्नेको सङ्ख्या बढेको छ । त्यस्तै ब्राह्मण, क्षेत्री, दलितहरूको सङ्ख्या पनि दिनानुदिन बढ्दै गइरहेको छ । जसको कारण समाजमा नेवार समुदायको बाहुल्यता घट्दै गइरहेको छ ।

### ४.४.४ पेशाको आधारमा उत्तरदाताको वितरण ( पहिले र अहिले )

नेपालमा एउटै कामदार दुई तीन पेशामा संलग्न रहेको पाइन्छ । त्यस्तो अवस्थामा कामदारले जुन पेशामा बढी समय खर्चेको हुन्छ वा बढी आय आर्जन गरेको हुन्छ, त्यसलाई नै मुख्य पेशा मानेको छ । (केन्द्रीय तथ्याङ्क विभाग, २०५६) मानिसले आ-आफ्नो क्षमताको आधारमा पेशालाइ

अपनाएको हुन्छ । मानिसहरू राम्रो शिक्षा, रोजगारी, व्यापारको लागि शहरबजारतिर छिर्ने गरेको पाइन्छ । त्यसैले बसाइसराइ प्रक्रियामा पनि पेशाको अवस्थाले प्रभाव पार्ने भएकाले उत्तरदाताको पेशागत अवस्थालाई उल्लेख गरीएको छ । जीवनलाई चलाउनको लागि आम्दानीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आम्दानी अनुसार मानिसको जीवनयापन कस्तो रहने भन्ने कुरामा निर्भर रहेको हुन्छ । जब कुनै ठाउँमा व्यक्तिको आम्दानीले उसको परिवारको जीवन चल्न सक्दैन तब नयाँ व्यापार, रोजगारको खोजीमा मानिसहरूले बसाइसराइ गर्ने गर्दछन् ।

### ४.४.५ उत्तरदाताको पूर्व आम्दानीको स्रोत

पूर्व आम्दानीको स्रोत भन्नाले कुनै पनि व्यक्तिले आफ्नो जीवनयापनका लागि गर्दै गरेको पहिलेको कार्य भन्ने बुझिन्छ । जुन व्यत्तिर उ स्वंय र उसको परिवारको जीविकासँग सम्वन्धीत रहेको हुन्छ । आम्दानीले मानिसको सामाजिक स्तरलाई समेत निर्धारण गर्दछ । मानिसले परिवार, गाउँमा बस्दा एक प्रकृतिको काम गर्ने गरेको र अर्को ठाउँ अर्थात सहरबजारमा बसोबास गर्दा फरक किसिमको पेशा अपनाएका हुन्छन् । यहाँबाट बसाइसराइ गर्नुअघि केकस्ता पेशामा आवद्ध भएर आफ्नो जीविका चलाउदै आएका थिए र बसाइसराइ पछि के पेशा अपनाइरहेका छन् भन्ने तलको तालिका उल्लेख गरीएको छ ।

**बसाइसराइ अघि उत्तरदाताको मुख्य आम्दानीको स्रोत**

**तालिका नं. ६**

**बसाइसराइ अघि उत्तरदाताको मुख्य आम्दानीको स्रोत**

| **क्र.सं.** | **आम्दानीको स्रोत** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | कृषि | ९ | २५.७१ |
| २ | नोकरी | १३ | ३७.१४ |
| ३ | व्यापार/व्यवसाय | १३ | ३७.१४ |
| ४ | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. ६ मा बसाइसराइ गर्नुपूर्व यस क्षेत्रका मानिसहरू कृषि पेशामा २५.७१% त्यस्तै यस क्षेत्रमा पहिले देखि रोजगारी र व्यापारमा सक्रिय भएको हुनाले दुवैमा ३७.१४% रहेको छ ।

### ४.४.६ बसाइसराइपछि उत्तरदाताको मुख्य आम्दानीको स्रोत

बसाइसराइ गरीसकेपछि मानिसको पेशा आम्दानीको अवस्थामा प्रभाव परेको हुन्छ । यहाँ मानिसहरूले आफ्नो जीवनयापन गर्नको लागी के कस्ता कार्यहरू गरेको हुन्छ । बसाइसराई गरेपछि मानिसहरूको परिवारको मुख्य आम्दानीको स्रोतको बारेमा तालिकामा उल्लेख गरीएको छ ।

**तालिका नं. ७**

**बसाइसराइपछि उत्तरदाताको मुख्य आम्दानीको स्रोत**

| क्र.सं. | आम्दानीको स्रोत | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ४ | ११.४२ |
| २ | व्यापार | १८ | ५२.४२ |
| ३ | पशुपालन | १ | २.८५ |
| ४ | नोकरी | १२ | ३४.२८ |
| ५ | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

तालिका नं.७ ले नोकरी र व्यापारमा खासै ठूलो परिवर्तन देखाएको छैन केही परिवारले बसाइसराइपछि आम्दानीको नयाँ स्रोत फेला पारेका छन् । धेरैजसो ले व्यापारलाइ अंगालेका छन् । यस पेसा विश्लेषणबाट धेरैले कृषि पेसालाई घटाएर अन्य व्यापार पशुपालन र व्यापारलाई अंगालेर वेरोजगारी दर घटेको फेला पारेका छ ।

### ४.४.७ गन्तव्य स्थानमा सम्पत्ति आर्जनको स्रोत

गन्तव्य स्थानमा सम्पत्ति आर्जनको स्रोत अध्ययनले बसाइसराइ गर्नुमा सम्पत्ति पुर्ख्यौली र आफ्नै हो वा ऋण लिएर गरेको हो महत्त्व राख्दछ । जसले बसाइसराइ गर्नुमा सम्पत्तिको स्रोतले महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने कुरालाई पुष्टि गर्दछ ।

**तालिका नं. ८**

**गन्तव्य स्थानमा सम्पत्ति आर्जनको स्रोत**

| **स्रोत** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| आफै | १५ | ४२.८५ |
| पैतृक | १५ | ४२.८५ |
| ऋृण | ५ | १४.२८ |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

यस क्षेत्रबाट बसाइसराइ गरेर गइसकेपछि बसाइसराइ गर्नेमा आफै सम्पत्ति आर्जन गर्ने १५ (४२.८५%) , पैतृक सम्पत्ती ले गरेकोमा १५ (४२.८५%) र ऋृण लिएर ५ (१४.२८%) रहेको पाइयो । समाजमा पैतृक सम्पत्ति र आफै कमाउनेहरूको पैसा लगानी गर्नको लागि एक ठाउँबाट अर्को ठाउँमा जग्गा जमिन किन्ने प्रचलन बढी रहेको छ । यस क्षेत्रमा पनि पहिल्यै देखि आर्थिक अवस्था मजबुद भएकाहरूले बढी बसाइसराइ गरेको पाइयो । केहिले आफ्नो भविष्य राम्रो बनाउनको लागि पनि ऋृण लिएर पनि बसाइसराइ गरेको पाइयो ।

### ४.४.८ शिक्षाको आधारमा उत्तरदाताको वितरण

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले शिक्षालाई ५ वटा तहमा विभाजन गरेको छ । जसमा कक्षा १ देखि ८ सम्म आधारभूत तह ९ देखि १२ लाई माध्यमिक तह स्नातक स्नातकोत्तर विद्यावारिधि हुन् । सोहि अनुरूप यस अध्ययन क्षेत्रमा रहेका मानिसको शिक्षाको अवस्थालाई छुट्याइएको छ । राम्रो भविष्यको कल्पना गरेर वा अन्य आकस्मिक कारणवश मानिसहरू एक स्थानबाट अर्को स्थानमा गएर बसोबास गर्ने गरेको पाइन्छ । शिक्षाले नै मानिसहरूको चेतनाको

विकास गर्दछ । शिक्षा प्राप्त गर्नको लागि मानिसहरू शहरी क्षेत्रमा बसाइसराइ गर्ने गर्दछन् । त्यसैले शिक्षाको अवस्थाले बसाइसराइ प्रक्रियामा प्रभाव पार्ने भएकाले उत्तरदाताको शिक्षाको अवस्थालाई तल उल्लेख गरीएको छ ।

**तालिका नं. ९**

**शिक्षाको आधारमा उत्तरदाताको वितरण**

| क.सं. | शिक्षा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आधारभूत तह | १० | २८.५७ |
| २ | माध्यमिक तह | १५ | ४२.८५ |
| ३ | स्नातक तह | १० | २८.५७ |
| ४ | स्नातकोत्तर तह | ५ | १४.२८ |
| | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

शिक्षाको आधारमा अध्ययनअनुसार ३५ घरधुरी मध्ये सबैभन्दा धेरै माध्यमिक तह १५ (४२.८५%), स्नातक तह गरेका १० (२८.५७%), आधारभूत तह मुनि १० (२८.५७%) र स्नातकोत्तर तह ५ (१४.२८%) जनसङ्ख्या रहेको पाइयो । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने बसाइसराइ पश्चात एकदमै महत्वका साथ पठनपाठन गरेको पाइयो ।

## परिवारको संरचना

दिपायल सिलगढी नगरपालीकाको वडा नं. ५ र ६ मा परिवार पितृसत्तात्मक भएकोले घरमा पुरूषको स्थान महत्वपूर्ण रहन्छ । सामाजिकपनको अध्ययन गर्ने क्रममा यिनीहरूको पारिवारिक

संरचना बुझ्ने प्रयास गर्दा एकात्मक र संयुक्त परिवार गरी दुई किसिमको रहेको पाइयो । एकात्मक परिवारमा लोग्ने, स्वास्नी र उनीहरूका अविवाहित छोराछोरी पर्दछन् भने संयुक्त परिवारअन्तर्गत लोग्ने, स्वास्नी, छोराछोरी, बुहारी, नाति, नातिना आदि सदस्य पर्दछन् । अध्ययन क्रममा सिलगढीबाट बसाई सरेकाको पारिवारिक संरचना एकात्मक परिवारभन्दा संयुक्त परिवार कम भएको  पाइयो ।

**उत्तरदाताको परिवारको संरचना**

**तालिका नं. १०**

**परिवारको संरचना**

| **क्र.सं.** | **पारिवारिक संरचना** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | एकात्मक | ३२ | ९१.४२ |
| २ | संयुक्त | ३ | ८.५७ |
| | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. १०  का अनुसार एकात्मक परिवारमा घरधुरी ९१.४२% संयुक्त परिवारमा जम्मा ३ घरधुरी ८.५७% रहेको पाइयो । मुख्य जानकार व्यक्तिका अनुसार पहिला उनीहरू संयुक्त परिवारमा बस्दथे । संयुक्त परिवारमा बस्दा पारिवारिक, आर्थिक बोझ बढी हुने र पारिवारिक झगडा हुने हुँदा उनीहरू एकात्मक परिवारतर्फ अग्रसर भएको बताउँछन् । त्यसको साथै बसाइसराई गर्दा आत्मनिर्भर दम्पत्तिहरूले सरेकोले सम्पूर्ण परिवार साथै नगएर र आफू र आफ्ना बालबच्चा मात्रै साथमा लगेकाले एकात्मक परिवारको सङ्ख्या अधिक भएको हो ।

त्यसैगरी एकात्मक परिवार बढ्दै जानुको कारण अहिले युवायुवतीहरू स्वतन्त्रपूर्वक आफ्नो जीवनयापन गर्न चाहने पनि हो । साथै परिवारका आफ्ना केटाकेटीको जिम्मेवारी आफै बहन

गर्ने क्षमता वृद्धिको कारण पनि हो तर एकात्मक परिवार बढ्दै पारिवारिक सम्वन्ध कमजोर हुँदै जाने र वृद्धावस्थाका मानिसले एक्लोपन खाली गुँड भएको अनुभव भएको बताएका छन् । संयुक्त परिवारबाट प्राप्त ज्ञानको अभाव एकात्मक परिवार बस्दा हुन्छ जसले गर्दा परम्परागत संस्कृति विचलन भएको पाइयो ।

### ४.४.९ परिवारको आकार

बसाइसराइ गर्नुमा परिवारको आकारले पनि प्रभाव पार्दछ । परिवारको सङ्ख्या कम र बढी भएको कारण आर्थिक अवस्था कमजोर र राम्रो हुने छुट्याउन सकिन्छ । त्यसैले परिवारको सङ्ख्यालाइ देखाइएको छ ।

**तालिका नं. ११**

**परिवारको आकार**

| परिवारको आकार | परिवारको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ३ सम्म | ५ | १४.२८ |
| ४-५ | २० | ५७.१४ |
| ५ भन्दा माथि | १० | २८.५७ |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

तालिका नं. ११ मा अधिकांश परिवारमा ४-५ सदस्य रहेको देखाउँदछ । ३ परिवार सदस्य भएका परिवारमा ५, ४-५ सदस्य भएका परिवार सदस्य २० जना र ५ भन्दा माथि भएका १० रहेका थिए । परिवारको आकारको सन्दर्भमा परिवारका विशेषताहरू बसाइसराई अध्ययन गर्नका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ । यसले के देखाउँछ भने सानो परिवार भन्दा ठूलो आकारको

परिवारबाट बसाइ सर्ने सम्भावना बढी हुन्छ । हाम्रो यस अध्ययनले पनि परिवारको सङ्ख्या मध्यम बुबा आमा छोरा छोरी भएकाको परिवार बढी विभिन्न कारणले विस्तारै बसाइ सरेको पाइएको छ ।

### ४.४.१० वैवाहिक अवस्था

मानिसहरू बसाइसराइ गर्नुमा वैवाहिक अवस्थाले पनि असर गर्दछ । समाजमा उसले कुन समाजबाट विवाह गरेको छ । र भविष्यमा दुवैको सल्लाह अनुसार बसाइसराइ बढी हुने गरेको पाइन्छ । त्यसैले उत्तरदातालाई आधार मानेर वैवाहिक अवस्थाको तथ्याङ्कलाई देखाइएको छ ।

**तालिका नं. १२**

**वैवाहिक अवस्था**

| **वैवाहिक अवस्था** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहित | १९ | ५४.२८ |
| अविवाहित | १० | २८.५७ |
| विधुवा | ५ | १४.२८ |
| विधुर | १ | २.८५ |
| जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

यस क्षेत्रबाट बसाइसराइ गरी विभिन्न क्षेत्रमा गएकाहरूको वैवाहिक अवस्था जसमा विवाहित ५४.२८% र अविवाहित २८.५७% विधुवा १४.२८% र विधुर २.८५% प्रतिशत रहेको छ । जसमा नयाँ पुस्ताका अविवाहित र विवाहितको सङ्ख्या बसाइसराइ गर्नेमा बढ्दो रहेको छ ।

त्यसैले समाजमा शिक्षित युवाहरू आफ्नो परिवारको र जीवनसाथीको भविष्य राम्रो बनाउनको लागि बसाइसराइ बढी हुने गरेको छ ।

### ४.४.११ निर्णयमा संङ्लग्न व्यक्ति

परिवारको भविष्यको लागि बसाइसराइ गर्ने गर्दछन् । बसाइसराई प्रकृयामा निर्णयकर्ता कहाँ र कसरी गर्ने भनी निर्णय गर्ने विषय महत्त्वपूर्ण पक्ष हो । वसाइसराइ पनि मानिसको जीवनको महत्वपूर्ण घटना भएकाले यस अध्ययनमा वसाइसराइ गर्ने प्रक्रियामा कसको सल्लाह , सुझाव र निर्णय रहेको छ भन्ने विषयलाइ यहाँ उल्लेख गरीएको छ । त्यसै बसाइसराइ गर्नुको कसको निर्णय रहेको छ भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १३**

**निर्णयमा संलग्न व्यक्ति**

| **क्र.सं.** | **निर्णय लिने व्यक्ति** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | महिला | १० | २८.५७ |
| २ | पुरूष | १५ | ४२.८५ |
| ३ | दुवै | १० | २८.५७ |
| | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

बसाइसराइ महिला पुरूष दुवैको इच्छा बमोजिम सल्लाह गरेर हुने गर्दछ । यस अध्ययन क्षेत्रमा संलग्न महिला पुरूष दुवैसँग छलफल गर्दा पुरूषको निर्णय बढ्दो रहेको छ । जसमा ४२.८५% रहेको छ । भने महिला पुरूष दुवैको सल्लाह अनुसार भएको २८.५७% रहेको छ । र जसमध्ये

महिलाको मात्र निर्णय भएको पनि २८.५७% रहेको छ । निर्णय लिने सन्दर्भमा अझै पनि पुरूषको बढी रहेको पाइयो भने केही शिक्षा चेतनाको स्तरले गर्दा महिला पुरूष दुवैले निर्णय लिने गरेको पनि पाइयो । पुरूषप्रधान समाज भएका कारण र पुरूष नै आर्थिक रूपमा बढी सक्रिय  भएका कारणले उसको निर्णय प्रक्रियामा बढी नै भूमिका रहेको अध्ययनका क्रममा पाइयो ।

**जग्गा जमिनको अवस्था**

अधिकांश नेपालीहरू अझै पनि कृषिमा आधारित छन् । नेपालमा उद्योगधन्दा, व्यापार व्यवसाय हिमाली पहाडी क्षेत्रमा नभएको कारण मानिसहरू पहाडी हिमाली क्षेत्रबाट प्रायः रोजगारी, व्यापार व्यवसाय र अध्ययनको लागि बसाइसराइ गर्ने पाइएको छ । कृषिमा निर्भर भएको र पहाडी क्षेत्रमा उनीहरूको जग्गा जमिनको अवस्थालाई निम्नानुसार उल्लेख गरीएको छ ।

**तालिका नं. १४**

**उत्तरदाताको जग्गा जमिनको अवस्था**

| | **बसाइ सर्नु पूर्व** | | **बसाइ सरेपछि** | |
|---|---|---|---|---|
| **क्र.सं.** | **जग्गा/जमिन** | **सङ्ख्या** | **जग्गा/जमिन** | **सङ्ख्या** |
| १ | ५ रोपनी भन्दा कम | २६ | १ कठ्ठा भन्दा कम | १९ |
| २ | ५ देखि १० रोपनी सम्म | ४ | १ कठ्ठा देखि ५ कठ्ठा सम्म | ६ |
| ३ | १० रोपनी भन्दा माथि | ५ | ५ कठ्ठा भन्दा माथि | १० |
| | जम्मा | ३५ | | ३५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

परिवारको आधारभूत आवश्यकता पूरा गर्नको लागि समेत जग्गाजमिन नभएकाले डोटी जिल्लाबाट बसाइ सरेको देखिन्छ । बारीमा फलेको अन्नले परिवारलाई खान पुग्ने थिएन । विशेष गरी कृषि पेशामा आवद्ध भएका मानिसहरू र जग्गा जमिन कम भएका मानिसहरू भूमिको अभावका कारण बसाइ सरेका छन् ।

## भौतिक सुविधा

भौतिक सुविधा भन्नाले मानिसका आधारभूत आवश्यकता पूरा गर्नका लागि आवश्यक आधुनिक सुविधा बुभिन्छ । जस्तै टि.भि., इन्टरनेट, यल.पि. ग्याँस, मोटरसाइकल, मोबाइल, फ्रिज र रेडियो आदि । यि साधनहरूले मानिसको सामाजिक आर्थिक अवस्थालाई बताउने भएकोले यसलाई पनि महत्वपूर्ण पक्षका रूपमा लिइएको छ ।

**तालिका नं. १५**

**भौतिक सुविधा**

| क्र.सं. | भौतिक सुविधा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | टि.भि. | ३५ | १०० |
| २ | एल.पि. ग्याँस | ३५ | १०० |
| ३. | इन्टरनेट, | २५ | ७१.४२ |
| ४. | दराज | ३५ | १०० |
| ५. | मोटरसाइकल/स्कुटर | २० | ५७.१४ |
| ६. | मोबाइल | ३५ | १०० |
| ७. | फ्रिज | २९ | ८२.८५ |
| ८. | रेडियो | २ | ५.७१ |

| | | | |
|---|---|---|---|
| ९. | पंखा | ३५ | १०० |
| १०. | साइकल | ३० | ८५.७१ |
| ११. | कम्प्युटर/ल्यापटप | १२ | ३४.२८ |
| १२. | लुगाधुने मेसिन | २ | ५.७१ |
| १३. | कार जिप भ्यान | १ | २.८५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार रेडियो, टेलिभिजन, केबल टेलिभिजन, कम्प्यूटर, इन्टरनेट, टेलिफाने, मोबाईल फोन, मोटर, मोटरसाइकल, साइकल र अन्य सवारी साधन र रेफ्रिजेरेटर, एल.पि. ग्याँस भएका परिवारका सँख्या मध्ये कम्तिमा एक किसिमको सुविधा उपलब्ध भएका उद्यमी परिवार कूल उद्यमी परिवारको ८६.५६ प्रतिशत रहेको छ । मोबाईल प्रयोग गर्ने ७३ प्रतिशत प्रयोगकर्ताहरू रहेका छन् । एल.पि. ग्याँसको प्रयोग गर्ने मानिसहरूको सङ्ख्या ३१.०३ प्रतिशत रहेको छ । बिजुली बत्तीको प्रयोग गर्ने मानिसहरूको सङ्ख्या ८०.२६ प्रतिशत रहेको छ ।

यस अध्ययन क्षेत्रमा भने सबै उद्यमीहरूको घरमा एल.पि. ग्याँस, पंखा, दराज र मोवाइल वा स्मार्ट फोन पाइयो । राष्ट्रिय तथ्याङ्कमा भन्दा फरक अवस्था यस अध्ययन क्षेत्रमा देखिन्छ । इन्टरनेट र मोवाइल प्रयोग गर्ने मानिसहरू करिब ९८ प्रतिशत भन्दा बढी देखिन्छ । ल्यापटप र कम्प्यूटर प्रयोग गर्ने प्रतिशत तुलनात्मक रूपमा कम देखिन्छ । स्कुटर मोटरसाइकल प्रयोग गर्ने ५७ प्रतिशत मानिसहरू रहेका छन् भने कार प्रयोग गर्ने मानिसहरू २.८५ प्रतिशत मात्र रहेका छन् ।

## ४.५ सिलगढीबाट बसाइसराइको कारण

बसाइसराइ एक सामाजिक घटना हो । जुन समाजमा निरन्तर रूपमा घटिरहेको हुन्छ । मानिसहरू आफू बसेको स्थानमा आधारभूत आवश्यकता पूरा गर्न नसकेपछि अन्य सुविधा सम्पन्न स्थानमा बसाइसरि जाने गर्दछन् । आफ्नो जन्मेको ठाउँमा रोजगारीको अवसरको अभावका कारण छोड्ने गर्दछन् । गरीबीमा रहेका मानिसहरू छोटो दुरीमा बसाइ सर्ने गर्दछन् । किनकी तिनीहरूले परिवारका सदस्य तथा आफैले गाउँबाट खाद्यान्न ल्याएर जीविकोपार्जन गर्दछन् । त्यसैले उनीहरू लामो दुरीमा बसाइ सर्न चाहादैनन् । केही भने गरीब परिवार भए पनि शैक्षिक अवसर र रोजगारीको अवसर प्राप्त हुने अवस्थामा भने मानिसहरूले बसाइ सरेका हुन्छन् । (गुरूङ्ग, २००८) बढी जसो बसाइ सर्ने मानिसहरू आफ्नो जन्मस्थानमा भएको आर्थिक असफलताको कारण बसाइ सरेका छन् । केही उत्तरदाताले शिक्षा प्राप्त गर्न सामाजिक हैसियत र सामाजिक हैसियतलाई बुझ्न बसाइ सरेको उल्लेख गरेका छन् (गौतम, १९९९) । बाढीपहिरो, महामारी र द्वन्द आदी जस्ता विपित्तीबाट बच्नको लागी पनि मानिसहरू बसाइसराई गर्दछन् । त्यसैले बसाइसराइ समाजमा हुने उथलपुथलका कारण बढी हुने गरेको छ । बसीरहेको क्षेत्रमा आर्थिक अभाव, स्रोत साधनको अभाव र जागिरको अवसर नभएको ग्रामीण क्षेत्रबाट मानिसहरू बसाइसराई गर्ने गर्दछन् । आजको नयाँ प्रविधि र विज्ञानको युगमा परम्परागत कृषि प्रणालीमा आधारीत जीवन भन्दा आधुनिक सुविधायुक्त कृषि प्रणालीमा आधारीत सहज तरिकाले मानिसहरूले कृषि गर्न थालका कारण पनि बाटोको सुविधा भएको ठाउँमा बसाइ सर्न थालेको देखिन्छ । मानिसहरू असहजताबाट फाइदा र सहजताका लागी आफ्नो जन्म थलो छोडेर अन्यत्र आएका हुन्छन् । दि.सि.न.पा वडा नं. ५ र ६ मा मानिसहरू सामान्यतया व्यवसाय, कृषि र रोजगारीबाट जिविकोपार्जन गर्ने गर्दथे । पहिले देखि नै अस्थायी रूपमा भारत तथा अध्ययनको लागि धनगढी काठमाडौं बसाइसराई सर्ने गर्दथे । बसाइसराई पहिले अस्थायी भए पनि हाल आएर स्थायीमा परिणत भएको छ । दि.सि.न.पा वडा नं. ५ र ६ मा मानिसहरू बसाइ सरेर आएका मानिसहरूलाई किन तपाईं आफ्नो गाउँ छोड्नु भयो ? भन्ने प्रश्नको उत्तरमा एक वा एक भन्दा बढी विकर्षण तत्त्वहरुलाई बताएका छन् जुन निम्नानुसार छन् ।

### ४.५.१ बसाइसराई गर्न बाध्य गर्ने (विकर्षक) तत्त्वहरू

**तालिका नं. १६**

| क्र.सं. | बसाइसराइका तत्त्वहरू | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १. | शहरी सुविधाको अभाव | १० | २८.५७ |
| २. | उच्च शिक्षाको अभाव | १२ | ३४.२८ |
| ३. | भूमी अभाव | १२ | ३४.२८ |
| ४. | रोजगारीको अभाव | ३५ | १०० |
| ५. | यातायातको असुविधा | ५ | १४.२८ |
| ६. | भौगोलिक विकटता | ८ | २२.८५ |
| ७. | उत्पादित सामग्रीको बजार अभाव | १८ | ५१.४२ |
| ८ | सामाजिक विभेद | २ | ५.७१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

दि.सि.न.पा वडा नं. ५ र ६ मा मानिसहरू बसाइ सरेर आएका मानिसहरूलाई किन बसाइसराइ सरेर आए भन्ने कुरालाई विश्लेषण गरीएको छ । २८ प्रतिशत मानिसले शहरी सुविधाको अभावका कारण बसाइसराइ सरेको बताएकोले बसाइसराइ गर्ने महत्वपूर्ण कारण शहरी सुविधाको अभाव रहेको देखिन्छ । यसको तुलनामा सामाजिक विभेद र यातायातको असुविधाका कारण बसाइसराइ गर्ने मानिसको संख्या कम देखिन्छ । सामाजिक विभेदको कारण बसाइ सर्ने मानिस भन्दा उत्पादित सामाग्रीको बजार अभावले बसाइसराइ गरेका मानिस

प्रतिशत बढी देखिन्छ । यहाँ बसाइसराइ गर्नुका कारणहरूलाई संक्षेपमा निम्नानुसार उल्लेख गरीएको छ ।

**क) शहरी सुविधाको अभाव**

कमजोर आर्थिक अवस्था भएका मानिसहरू व्यापार व्यवसाय गर्नका लागी तथा परिवारका सदस्यहरू, वैदेशिक रोजगारीमा आबद्ध भएका मानिसहरू सहर बजारतिर बसाइ सरेको बताएका छन् । सहरी सुविधाको अभावले नगरपालिकामा २८ प्रतिशत मानिसहरू धनगढी बसाइसराइ गरी आएको तथ्याङ्क छ । अध्ययन क्षेत्र नगरपालिका भित्र रहेपनि त्यहाँ शहरी सुविधाहरू उपलब्ध छैन । एकातिर वस्तु र सेवाको छनौटको अभाव रहेको छ भने अर्कोतिर पाइएका सेवा र सुविधा गुणस्तरयुक्त छैनन् । त्यसको साथै उपभोगका सामानहरू पनि महँगो भएकाले त्यहाँबाट बसाइसराई सर्नुपरेको भनी २८ प्रतिशत उत्तरदाताले बताएका छन् । त्यसैगरी खानेपानी, स्वास्थ्य सेवा लगायत उपयुक्त व्यवस्था नभएकाले पनि बसाइसराइ सर्नुपरेको पाइयो ।

**ख) रोजगारीको अभाव**

सिलगढी बसोबास गर्ने सबैको आर्थिक अवस्था प्राय कम फरक फरक थिए । उनीहरूको कति सम्पत्ती छ भन्ने कुरा घर र जग्गाले थाहा हुन्थ्यो तर काठमाडौं, धनगढी बसाइ सरेका अधिकांश आप्रवासिहरू एक विशेष करियरको बाटोलाई पछ्याउदै अगाडी बढिरहेको पाइएको छ । धेरैजसो ज्येष्ठहरू जो जागिर व्यापारबाट कमाएको पैसा काठमाडौं र धनगढीमा लगानी गरेको र सोही ज्येष्ठहरूको सम्पत्तीसँगै व्यापार व्यवसाय गर्दै र उच्च शिक्षा हासिल गर्नका लागि सहर र विदेश पलायन भइरहेका छन् । सहरमा शिक्षितले आफ्नो योग्यता अनुसारको काम पाउने र अशिक्षितले पनि ज्यालादारी काम पाउने भएकाले मानिसहरू रोजगारीको व्यापकता भएको सहरी क्षेत्रमा बसाइ सरेको पाइन्छ । धेरैजसो मानिसहरू पैसा कमाउनकै लागि बसाइसराइ गरेका थिए । आर्थिक रूपमा बलियो भइसकेपछि उनीहरूको जिवनस्तरमा परिवर्तन भई समाजमा पनि परिवर्तन ल्याउन सफल भएका थिए । दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ रोजगारका अवसर नभएकाले त्यहाँ जीवन धान्न गाह्रो भएकोले रोजगारीकै खोजीका लागि धनगढी बसाइ सर्नुपरेको ६० प्रतिशत उत्तरदाताले बताएका छन् ।

एकजना उत्तरदाताका राम बहादुर टेलरका अनुसार पहिले बालीघरे प्रथाले जीवन चलेको थियो । जनसङ्ख्या पनि धेरै रहेको र लुगा सिलाउदै गरेको थिए । अहिले त्यो व्यवस्था छुट्दै गएपछि जीवन धान्न गाह्रो भई बसाइसरी आएको र अहिले लुगा सिलाउने काम गरी दैनिक कमाई भएको छ । छोराछोरीलाई पनि नीजि विद्यालय पठाइरहेको कुरा बताए ।

**ग) उच्च शिक्षाको अभाव**

सबै व्यक्तिलाई शिक्षाको लागि हक छ । नेपाल सरकारले पनि सबै व्यक्तिले शिक्षा पाउनुपर्छ भनेको छ । सिलगढीका बासिन्दामामा पनि प्राविधिक र उच्च शिक्षा हासिल गर्नको लागि यहाँ शैक्षिक संस्था नभएको कारण नेपालका अन्य भागमा बसाइसराई सर्नुपरेको थियो । यहाँबाट बसाइसराइ गरेर गएका सबैले आफ्ना छोराछोरीलाई बोर्डिङ्ग स्कुल र राम्रो कलेजमा अध्ययन गराएको देखिन्छ । धेरैजसो मानिसहरू उच्च शिक्षा हासिल गरी सरकारी सेवामा प्रवेश गरेको , केही विदेश गएको र कमले मात्र व्यापार व्यवसाय गरेका छन् । उच्च शिक्षा सुविधा कसले पाउने भन्ने विषयमा छोरा र छोरीमा भेदभाव गरीएको छैन । यहाँ बस्दै आएकाहरू पनि छोराछोरी दुवैलाई शिक्षा दिइरहेको अवस्था छ । अहिले दिपायलमा रहेका सेती प्राविधि शिक्षालय, डोटी बहुमुखी क्याम्पसहरूमा पनि केटाहरूको तुलनामा केटीहरूको सङ्ख्या बढी नै रहेको छ । अहिले पहिलेको तुलनामा शिक्षाको महत्व बुझिसकेपछी सबैले आफु जुनसुकै क्षेत्रमा काम गर्ने भए पनि छोराछोरीलाई विद्यालय पठाउन थालेका छन् ।

उच्च शिक्षाको अभावको कारण पनि उत्तरदाताले सिलगढीबाट बसाइसरेको बताएका छन् । सिलगढीमा अवस्थित डोटी बहुमुखी क्याम्पसमा निश्चित सङ्कायबाट मात्र पढाई हुने त्यहाँ प्राविधिक शिक्षा चिकित्सा सम्वन्धी र इन्जिनियरिङ्ग सम्वन्धी, विज्ञान र प्रविधि उच्च शिक्षा नभएका कारण केटाकेटी पढाउन बसाइसराइ सर्नुपरेको ३४.२८ प्रतिशत उत्तरदाताले बताएका छन् ।

**घ) भूमीको अभाव**

परिवारको आधारभूत आवश्यकता पुरा गर्नको लागि समेत जग्गाजमिन नभएकाले बसाइ सरेको देखिन्छ । बारीमा फलेको अन्नले परिवारलाई खान पुग्ने थिएन । केहीले बारी थोरै भएकाले

अलिअलि कमाएको पैसाले यहाँ जग्गा किनेर घर बनाएपछि व्यापार गर्न सकिने भएकाले बसाइ सरेको बताए । ३४.२८प्रतिशत मानिसहरूले भूमीको अभावका कारण बसाइ सरेको देखिन्छ । विशेष गरी कृषि पेशामा आवद्ध भएका मानिसहरू र जग्गा जमिन कम भएका मानिसहरू भूमिको अभावका कारण बसाइ सरेका छन् ।

पहिले हामी सानै थियौ बुबाको सम्पत्तीले हामीलाइ पुगी रहेको थियो । हामी पाँच भाइ थियौ । सबैलाई त्यही बसेर खेतीपाती गरेर खानपनी नपुग्ने भयो जनसङ्ख्या बढ्दै गयो भाइहरू अलग हुदै गयौ अलग हुँदा भूमि खण्डीकरण भई खेती गर्ने भूमिका अभावका हुदै गयो व्यापार व्यवसाय पनि भएन अनि विस्तारै बसाइ सरेको बताउँछन् (कृष्ण श्रेष्ठ )

### ङ) भौगोलिक विकटता

नेपालको भू-बनोट असमान छ । गाउँमा डाँडाकाँडामा हिँड्नु पर्ने, खाद्यान्न, राम्रो उब्जनी नहुने, पानी, कुलो, नहर आदिको अभावका कारण पनि मानिसहरू सहज भूगोल भएकाले यस ठाउँमा बसाइसरेको बताए । त्यस्तै भौगोलिक असमानता वा विकटताका कारण धनगढी उपमहानगरपालिकाको समतल भू-भागमा मानिसहरू बसाइ सरेको देखिन्छ । भौगोलिक विकटताका कारण बसाइ सर्ने मानिसहरू २२.८५प्रतिशत रहेका छन् ।

### च) उत्पादित सामाग्रीको बजार अभाव

आफ्नो स्थानमा मानिसहरूले आफुले खानको लागि मात्रै नभइ सामग्री आयआर्जनको लागि पनि सानोतिनो उद्यम गरेको पाइन्छ । यदि ती उद्यमवाट उत्पादित सामाग्रीले बजार पाएन भने एकातिर उत्पादित सामग्री बिग्रिएर जाने अर्को तिर आर्थिक अभावको चापले च्याप्दै जाने हुनाले, ग्रामीण उद्यमिहरू आप्ना उत्पादित बस्तुहरूलाइ बजार समक्ष पुऱ्याउनका लागि पनि एक स्थान बाट अर्को स्थानमा बसाइसराइ गर्दछन ।

पहिले खेतीपाती गरेर पनी खानलाई पुग्थ्यो । महङ्गाइ थिएन । व्यवसायिक रूपमा कृषि गरे पनि बजारको अभाव छ । त्यसैगरी उत्पादित वस्तुको उपयुक्त मुल्य पनि पाइदैन, विशेषगरी गाई, भैसी को दुध बेच्नका लागि पनि डेरी छैन दुधले मुल्य पाइदैन सिलगढीमा गाई भैसी पालेर जीवन धान्न नसकेर नै मैले धनगढी बसाइसरेको बताउछिन रमा भण्डारी ।

### ४.५.२ बसाइसराइ गर्न प्रेरित गर्ने आर्कषक तत्त्वहरू

बसाइसराइ गर्नका लागि प्रेरित गर्ने सकारात्मक तत्त्वहरू आकर्षक तत्त्व हुन् । मानिस बसिराखेको स्थानमा आवश्यकताको परिपुर्ति हुन नसकेपछि बसाइ सर्ने गर्दछन् । बसाइसराइ देशको समग्र विकासमा परिवर्तन ल्याउने तत्त्व हो । यसले व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रमा सकारात्मक वा नकारात्मक परिवर्तन ल्याउने काम गर्दछ । बसाइसराइको सुरूवात नयाँ अवसरको खोजी गर्ने प्रक्रियासंगै भएको हो । मूलतः सहरी सुविधा, खेतीयोग्य जमिन, व्यापारिक क्षेत्रको सुविधा, यातायातको सुविधा र स्वास्थ्यको सुविधा आदिका कारण मानिसहरू बसाइ सर्ने गरेको देखिन्छ ।  दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ बाट  धनगढी उपमहानगरपालिका  बसाइसराई गर्न उत्प्रेरित गर्ने (आकर्षण) गर्ने तत्वहरु निम्नानुसार रहेका छन् उत्तरदाताले एउटा मात्रै तत्त्वहरू नदिएर एक वा एक भन्दा बढी तत्वहरुलाई जोड दिएको छ । बसाइसराइका कारणहरूलाई समग्रमा निम्नानुसार उल्लेख गरीएको छ :-

**तालिका नं. १७**

**बसाइसराइ गर्न आकर्षित गर्ने तत्त्वहरू**

| क्र.सं. | बसाइसराइका कारण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १. | शहरी सुविधा | १० | २८.५७ |
| २. | उच्च शिक्षाको अवसर | १० | २८.५७ |
| ३. | व्यापारिक क्षेत्रको सुविधा | १२ | ३४.२८ |
| ४. | यातायातको सुविधा | २५ | ७१.४२ |
| ५. | भौगोलिक सुगमता | २५ | ७१.४२ |
| ६. | बजार प्रबर्द्धनको सुविधा | १२ | ३४.२८ |
| ७. | रोजगारी | ३० | ८५.७१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

यस तथ्याङ्कलाई हेर्दा करिब २८ प्रतिशत भन्दा बढी मानिसहरूले शहरी सुविधालाई बसाइसराइको आकर्षक तत्त्व मानेको देखिन्छ । त्यसैले यसलाई बसाइसराइको महत्वपूर्ण कारण

मान्न सकिन्छ । भौगोलिक सुगमता व्यापारिक क्षेत्रको सुविधा उच्च शिक्षाको अवसर आदिका कारण बसाइसरेका छन्। यस तथ्याङ्क हेर्दा धेरै मानिसहरू सुविधायुक्त क्षेत्रमा बस्न चाहन्छन् । सम्पूर्ण जनसङ्ख्याको आधा मानिसहरू उच्च शिक्षाको सुविधा भएकाले बसाइसरेको देखिन्छ । व्यापारिक सुविधाका कारण बसाइसर्ने मानिसहरू ३४.२८ प्रतिशतको नजिक देखिनुले दैनिक जीविकोपार्जनका लागी व्यापार गर्न सकिने भएकाले पनि मानिसहरू यहाँ बसाइसराइ गरेको भन्न सकिन्छ । बसाइसराइका कारणहरूलाई समग्रमा निम्नानुसार उल्लेख गरीएको छ ।

**क) सहरी क्षेत्रको सुविधा**

यस नगरपालिकामा खेतिपातिमा धान,गहुँ, मकै र तरकारीका अतिरिक्त व्यापार व्यवसाय पनि गर्न सकिने भएकाले यो बसाइसराइको उचित गन्तव्य स्थल बनेको देखिन्छ । २८.५७ प्रतिशत मानिसहरू सहरी क्षेत्रमा विभिन्न सुविधा शिक्षा, स्वास्थ्य, व्यापार, रोजगारी आदिको सुविधा भएकाले धनगढी उपमहानगरपालिकामा बसाइ सरेर आएका छन् ।

**ख) उच्च शिक्षाको अवसर**

छोराछोरीलाई उच्च शिक्षा दिनका लागि मानिसहरू यस क्षेत्रमा बसाइ सरि आएको देखिन्छ । छोराछोरी कलेज वा बोडिङ पढाउका लागि यहाँ आएर बस्न थालेको बताएका छन् । गुणस्तरिय शिक्षाकै लागि दि.सि.न.पा ५ र ६ मा २८.५७ प्रतिशत मानिसहरूले धनगढीमा सरेको बताउँछन् । धनगढीमा इन्जिनियरिङ्ग चिकित्सा सम्वन्धी विषयमा अध्ययन गराउन सजिलो हुने भएकाले केटाकेटी उच्च शिक्षामा सहज होस भन्नका लागि बसाइ सरेको पाइन्छ ।

**ग) व्यापारिक क्षेत्रको सुविधा**

व्यापार व्यवसाय गर्नकै लागी मानिसहरू बसाइसरी आएका छन् । दि.सि.न.पा वडा नं. ५ र ६ तुलनामा बजार व्यवस्थापनको राम्रो सुविधा भएकाले १८.१९ प्रतिशत मानिसहरू व्यापार गर्नकै लागी यस क्षेत्रमा बसाइसरी आएको देखिन्छ ।

### घ) भौगोलिक सुगमता

समथर भुभाग भएको यस नगरपालिकामा मानिसहरू भौगोलिक सुगमता भएका कारणले बसाइ सरेको देखिन्छ । घरमा भएका बालबच्चा र बृद्धबृद्धाहरू उकालो ओरालो गर्न नसक्ने भएकाले र बिरामी परेमा उपचार पनि सहजै पाउने भएकाले यस क्षेत्रमा मानिसहरू बसाइसराइ गरेर आएको देखिन्छ । ७१.०८ प्रतिशत मानिसहरू भौगोलिक सुगमता भएका कारणले बसाइ सरेको तथ्याङ्क देखिन्छ ।

### ङ) बजार प्रर्वद्धनको सुविधा

मानिसहरू जब एकठाँउबाट अर्को स्थानमा बसाइसरि आउनेबारे सोच्दछन तब उनीहरूले गन्तब्य स्थानमा गएर के गर्ने भन्ने बारे पनि प्रष्ट योजना तयार पारि सकेका हुन्छन । यस्तै योजना अर्न्तगत दि.सि.न.पा वडा नं. ५ र ६ का मानिसहरू  चाप बढी र आफ्नो उत्पादित बस्तुहरूलाइ बजार समक्ष पुऱ्याउनका लागि पनि राम्रो बजार प्रर्वद्धनको व्यवस्था भएकाले मानिसहरू यहाँ उद्यम व्यवसाय गर्नकै लागि पनि यस स्थानमा बसाइसरि आएका छन । यहाँ **३४.२८** प्रतिशत मानिसहरू उद्यमसिलता गर्नकै लागि बसाइसराई गरि आएका पाईन्छ ।

Lee (1966) का अनुसार आकर्षक तत्त्वहरू, विकर्षकतत्त्वहरूको साथै  मध्यवर्ती अवरोधको पनि बसाइ सराईमा महत्वपूर्ण भूमिका रहेको हुन्छ । Lee, (1966) ले भने जस्तै दि.सि.न.पा वडा नं. ५ र ६ का मानिसहरू धनगढी बसाइसराई गर्नुको कारण सहज हुनु वा मध्यवर्ती अवरोध कम हुनु हो ।

## ४.६ उद्‌गम क्षेत्र र गन्तव्य क्षेत्रमा बसाइसराइले पारेको प्रभाव

बसाइसराइको कारण उद्‌गम र गन्तव्य दुवै क्षेत्रमा प्रभाव पर्दछ । उद्‌गम क्षेत्रबाट मानिसहरू बसाइ सर्दा उनीहरू सँगै संस्कृति परम्परा रहनसहन गन्तव्य क्षेत्रमा पुग्दछ र गन्तव्य क्षेत्रमा त्यसको प्रभाव पर्दछ । मानिसहरू उद्‌गम क्षेत्रबाट अन्यत्र सर्दा उद्‌गम क्षेत्रमा जनशक्तिको अभाव हुने, जनसख्या संरचनामा परिवर्तन हुने, उत्पादनमा कमी हुने, जस्ता परिवर्तनहरू देखा पर्दछन् । त्यसै गरी गन्तव्य स्थानमा पनि जनसङ्ख्या वृद्धि हुने, जनसङ्ख्याको संरचना परिवर्तन हुने गर्दछ । बसाइ सर्ने व्यक्तिको उद्‌गम स्थानमा सामाजिक सम्वन्ध कमजोर बन्दै जाने र

गन्तव्य स्थानमा सम्वन्ध जोडिदै जान्छ । यसरी बसाइसराइले गन्तव्य र उद्गम दुवै स्थानमा प्रभाव पारिराखेको हुन्छ । अध्ययन क्षेत्रमा बसाइसराइले पारेको प्रभाव निम्नानुसार रहेको छ ।

### ४.६.१ बसाइसराइले उद्गम क्षेत्रमा परेको प्रभाव

दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ डोटी जिल्लाको सदरमुकाम भएको र व्यापारिक केन्द्र भएको कारण पनि आफैमा समृद्ध थियो र अहिले खाली र भत्किन लागेका बाँझो घरहरू मात्र रहेको छन् । पहिले बाटोमा हिड्दा ठक्कर लागेर मात्र हिड्न सकिन्थ्यो अहिले एक्लै हिड्न पनि डर लाग्छ । बजार भागमा कोही पनि भेटिदैनन् । भेटि हाले पनि बुढापाका मात्र भेटिन्छन् । देशमा सङ्घियता लागु भए पछि सबै सेवाहरू गाउँबाटै प्रभाह हुन थाले पछि र सडकको बनावट पनि बजारको छेउबाट भएको कारण नयाँ बजारको विकास सडक छेउमा भएको र व्यापार व्यवसाय पनि त्यही हुने गरेको हुनाले पहिलेको पुरानो बस्तीहरू सुक्दै गएको कारण त्यहाँका मानिसहरू बसाइ सरी अन्य ठाउँमा गएको र उनीहरू यहाँ फर्कन पनि चाहेका छैनन् । पहिलेको तुलनामा पानीको पनि समस्या समाधान भइसकेको छ । अहिले २ समय नै धारामा पानी आउने गर्छ । विजुलीको समाधान भइसकेको छ । स्वास्थ्य शिक्षाको विकास भएको छ । नजिकै रहेको पद्म पब्लिक मुक्ति नारायण मा.वि.मा विज्ञान विषय र डोटी बहुमुखी क्याम्पसमा प्राविधिक विषय कम्प्युटर पनि पढाइ छ तर पनि यहाँको जनसङ्ख्या दिनानुदिन कम  हुदै गइरहेको छ । बसाइसराइको कारण सिलगढी गाउँको रूपमा देखिन थालेको छ ।  सिलगढी सँगै जोडिएको खप्तड राष्ट्रिय निकुञ्ज र सिलगढीलाई पर्यटकिय रूपमा विकास गर्न नसक्नु विभिन्न होमस्टे, स्थानीय स्तरका खानाका परिकार, उत्पादन हुने वस्तुहरूमा स्थानीय सरकारले लगानी गर्न नसक्न, रोजगारीको सिर्जनागर्न नसक्नु, सिलगढी बजारमा मानिसहरूको चहलपहल बढाउनमा कुनै दीर्घकालीन योजना बनाउन नसक्नुको कारण मानिसहरू बसाइसराइ गर्न बाध्य भएका छन् ।

#### ४.६.१.१ चाडपर्व

सिलगढीमा एउटै धर्म हिन्दु धर्म मानिसहरूको बसोबास स्थल हो । सबैको टोलटोलमा मन्दिरहरू छन् । जसले सिलगढीबासीहरूको जीवनमा धेरै महत्वपूर्ण भूमिका खेलेको छ ।

उनीहरूको आफ्नै रीतिरिवाज, संस्कृति र प्रचित संस्कृतिको लागि धनी मानिन्छन् । बसाइसराइ गरेर गए पनि उनीहरू आफ्नो जन्म स्थानमा फर्केर धेरै चाडपर्वहरू मनाउने गर्दछन् । जस्तै :शैलेश्वरीको जाँत यो जाँत कार्तिक पूर्णिमाको दिन मनाउने गरीन्छ । स्थानीय भाषामा जात्रालाई जाँत भनिन्छ । यस प्रकारको पर्व विशेष गरेर विशिष्ट देवी तथा देवताहरूको मन्दिरमा हुने गर्दछ । यो जात्रा प्रतिवर्ष गरीने गरीन्छ । यस अवसरमा बसाइसराई गरेर गइसकेका पनि जात्रामा पूजा गर्नको लागि आउने गर्दछन् । मानिसहरू यहाँ पूजाआजाको लागि २/४ दिनको लागि आए पनि पूजा गरेर मात्र जाने गर्दछन् । यस ठाउँको विकासको लागि नत स्थानीय सरकारले चासो दिएको छ । नत बसाइसराइ गरेर गइसकेका मानिसहरूले । जसले गर्दा समाजसँग उनीहरूको विस्तारै दूरी टाढिदै गएको अवस्था छ ।

ग्रामीण पलायन बढ्दै जाँदा कतिपय गाउँहरू "खाली गाउँहरू" बन्न थालेका छन् यसबाहेक, मानिसहरूको पलायन र ग्रामीण परिवारहरूको बसाइसराइसँगै केही सहरहरू 'संकुचित' सहरहरू पनि बन्दै गएका छन्  । यी क्षेत्रमा गाउँको जीवनयापन, पूर्वाधार र सार्वजनिक सेवामा सुधारको प्रशस्त सम्भावना छ, तर ठूलो श्रम पलायन र पूर्वाधारको तुलनात्मक रूपमा उच्च लागतका कारण यस क्षेत्रबाट पलायन भएका धेरै परिवारहरू यस क्षेत्रबाट बाहिर जान सकेका छैनन् । जनसङ्ख्याको बहाव एक निश्चित स्तरमा पुगेपछि ठूलो सङ्ख्यामा ग्रामीण-शहरी प्रवासीहरूलाई आफ्नो गृहनगरमा फर्कन आकर्षित गर्न गाह्रो हुन्छ र ग्रामीण घरबार र फार्महाउसहरू बनाउन आवेदन दिने प्रोत्साहन हराउनेछ ।

थप रूपमा, सामाजिक, अर्थशास्त्र र भौतिक भूगोल जस्ता कारकहरूले पनि ग्रामीण पलायन र ग्रामीण गृहस्थीको प्रयोग बिचको सम्बन्धलाई प्रभाव पार्न सक्छ । सामाजिक (आर्थिक विशेषताहरूको सन्दर्भमा, शहरी ग्रामीण आय अन्तरले निश्चित हदसम्म कुनै क्षेत्रको आर्थिक विकास शहरी र ग्रामीण क्षेत्रहरू बिच सन्तुलित छ कि छैन मापन गर्न सक्छ । धेरै विद्वानहरूले औंल्याएका छन् कि शहरी ग्रामीण आय अन्तरले उपभोगमा कम प्रभाव पारेको छ, र ठूलो आम्दानी अन्तर भएका क्षेत्रहरूमा किसानहरू सामाजिक सीढी माथि सर्ने र शहरहरूका लागि आफ्नो गाउँहरू पलायन गर्छन् । (Yao, R., Ye, J., & Song, L. 2023)

मानिस एक सामाजिक प्राणी हो जसमा कारण विभिन्न प्रयोजनका लागि आफ्नो ठाउँ छोडी एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दछन् । प्राचिन कालमा पनि मानिसहरूले हिडेरै भए पनि एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दथे । बसाइसराइको कारण जुनसुकै भए पनि नेपालमा प्रायःजसो बसाइसराई पहाड, हिमाल बाट तराइ र ग्रामिण क्षेत्रबाट शहरतिर हुने गर्दछ । जसको कारण पहाड र तराइ बिचको जनसङ्ख्यामा व्यापक अन्तर आउने गर्दछ । बसाइसराइ भइसके पछि उद्‌गम क्षेत्रमा के प्रभाव पर्दछ । त्यसलाई तल व्याख्या गरीएको छ ।

### ४.६.१.२ आर्थिक प्रभाव

बसाइसराइ समाजको एक चलिरहने प्रक्रिया हो । बसाइसराइ र आर्थिक पक्षको गहिरो सम्वन्ध रहेको हुन्छ । बसाइसराइमा गरेर गइसकेपछि सो ठाउँका मानिसमा परेको आर्थिक प्रभावहरूको बारेमा थाहा पाउनको लागि बसाइसराइ गरेर गएका व्यक्तिहरूको व्यक्तिगत तथा परिवारका आर्थिक पक्षमा के कस्ता परिवर्तनहरू देखा परेका छन् भनेर आर्थिक पक्षको खोज तथा विश्लेषण गर्ने प्रयास गरीएको छ । उनीहरूको आर्थिक पक्षको बारे विस्तृत चर्चा गरीएको छ । मानिसहरूको सङ्ख्यामा कमि आउदा आर्थिक क्रियाकलापका कमि आएको छ । जसले गर्दा आर्थिक पक्ष कमजोर बन्दै गइरहेको छ । खेतियोग्य जमिनहरूको पहिलेको तुलनामा बाझो हुर्दै गइरहेको छ । दिनप्रतिदिन विद्यालयहरूमा विद्यार्थीहरूको सङ्ख्या घट्दै गइरहेको छ । निजी विद्यालयहरूको आर्थिक स्रोत घट्दै गइरहेको छ । बजारको अवस्था नाजुक बन्दै गइरहेको छ । बजारमा सामान किन्ने मानिसहरूको सङ्ख्यामा कमी आई चहलपहल घटेको छ । नयाँ रोजगारी सृजना नभएर युवाहरू दिनप्रतिदिन विदेशिदै गइरहेको छन् ।

अहिले यहाँ एक थरिका पुस्ता जो जिवन सँग सङ्घर्ष गरीरहेका छन् । विभिन्न फर्महरू दर्ता गरी सरकारसँग अनुदान लिइ ठाउँलाई बचाइराख्न र अर्को पुस्तालाई समस्या नहोस भनी विभिन्न होमस्टे (नेवाःगडी होमस्टे) कृर्षि फर्म व्यापार व्यवसाय गरी यही बसोबास गरीरहेका छन् । उनीहरूको जीवनस्तरमा पनि केही परिवर्तन आइरहेको छ । जो पुराना व्यापारीहरू थिए यस क्षेत्रबाट बसाइसराइ गर्ने र लगानी नगरीरहेको अवस्थामा नयाँ व्यापारीहरूको उदय भएको छ । निजी विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दै गएको कतिपय बन्द भएको सरकारी विद्यालयहरू गाभिएकोले कतिपय सरकारी विद्यालयहरू पनि बन्द भएको अवस्था छ ।

### ४.६.१.३ सामाजिक प्रभाव

बसाइसराइले गर्दा सामाजिक सम्वन्ध टाढिदै गएको छ । पहिले देखि बस्दै आएका निश्चित समुदायका मानिसरू बसाइसराइले गर्दा अन्त गएर बस्दा यहाँ अन्य समुदायका मानिसहरू आएर बस्दा सम्वन्धमा नयाँपन आएको छ । जसरी विकासले गति लिन पर्थ्यो त्यसरी नयाँ घरहरू निर्माण हुन सकेका छैनन् बसाइसराइ गरेर गएकाहरूले पुराना घर जग्गाहरू बिक्री नगर्दा विकास निर्माणका कार्यहरू हुन सकेका छैनन् । बसाइसराइले गर्दा यहाँ भएका मानिसहरू पनि आफ्नो छोराछोरीको भविष्यको लागि शहरतिरै पढाउने कारण विद्यालयमा विद्यार्थी सङ्ख्या घटेको छ । पूर्वाधारहरूको विकासमा निरन्तरता नभएको कारण शिक्षा स्वास्थ्यका गतिविधिहरूमा कमि आएको छ । यहाँका मानिसहरू र बसाइसराइ गरेर गइसकेका बिच सामाजिक सम्बन्ध कमजोर बन्दै गइरहेको छ । सामाजिक संरचनामा परिवर्तन आएको छ ।

### ४.६.१.४ सांस्कृतिक प्रभाव

पहिलेको जस्तो पुराना मानिसहरूको कमिले गर्दा चाडपर्वमा पनि सुनसान बन्दै गएको छ । मानिसहरूको जनसङ्ख्या अनुसार सिलगढीमा मान्ने चाडपर्वहरू , सांस्कृतिक परम्पराहरूमा पनि कमी आएको छ । अहिलेका नयाँ पुस्ताहरूलाई चाडपर्वको बारेमा महत्व बुझाउने पुस्ताको खाँचो परेको छ । पहिले यहाँ डोलजात्रा धुमधामका साथ मनाउने गरीन्थ्यो तर बसाइसराइले गर्दा त्यसमा कमी आएको छ । पहिले गाइजात्रा धुमधामका साथ पितृको शान्तीको लागी मनाउने गरिन्थ्यो अहिले घरमा कोही मान्छे नहुदा पैसा पठाइदिने र उनिहरुका आफन्तले गाइजात्रा मनाइदिने र संख्यामा पनि कमि आएको छ । यद्यपी केही नयाँ पुस्ताहरूले बिचको राधाकृष्ण मन्दिरमा पुराना पुस्ताबाट बाद्यबाद्यनका कलाहरू सिकिरहेका छन् ।

### ४.६.१.५ वातावरणिय प्रभाव

मानिसहरू तराइ र शहरी क्षेत्रमा बसाइसराइ गरी गइसकेपछि उनीहरूमा खेतहरू बाझो हुन गइ खेतियोग्य जमिन नासिदै गएको छ । कृषि पेसा अपनाउने मानिसहरूको कमि भएको छ । जसले गर्दा वाहिरबाट विषादीयुक्त तरकारी खान बाध्य भएका छन् । पहिले मानिसहरू

वनजंगलमा निर्भर थिए । जसले गर्दा वनजंगलको प्रयोगमा कमी आइ जंगली जनावरहरू पनि बजार नजिकै आउन थालेका छन् । खेतहरू बाझो भई झाडीहरू उम्रिन गई वनमा परिणत भएको छ ।

### ४.६.२ बसाइसराइले गन्तव्य क्षेत्रमा परेको प्रभाव

बसाइसराइले गन्तव्य क्षेत्रमा सकारात्मक र नकारात्मक दुवै प्रकारको प्रभाव उत्पन्न गराउछ । गन्तव्य स्थानमा सिपयुक्त कामदार वा जनशक्ति उपस्थित हुँदा विकास कार्यमा सहजता भएको हुन्छ । त्यसको साथै यहाँको जनसांख्यिक संरचनामा र सामाजिक संरचनामा पनि परिवर्तन आएको हुन्छ । यस अध्ययनमा गन्तव्य स्थानमा परेको प्रभाव निम्नानुसार रहेको छ ।

#### ४.६.२.१ आर्थिक प्रभाव

गन्तव्य स्थानमा जनसङ्ख्या बढी भएको कारण आर्थिक गतिविधिहरू बढी हुने भएकोले मानिसहरूको आर्थिक वृद्धिदर भएको छ । उनीहरूको  उनीहरूको जिवनशैलीमा सुधार भएको छ । छोराछोरीहरूलाई राम्रो बोर्डिङ स्कुलमा पढाएको पाइयो । नयाँ नया शैक्षिक संस्थाहरू आर्थिक संस्थाहरू जस्तै बैंक सहकारी खुल्दै गएको पाइन्छ । बजार विस्तार हुदै गएको पाइन्छ । साना साना उद्योग कलकारखानाहरू जस्तै : होजियारी, डेरी, पाउरोडी खुल्दै गएको देखिन्छ । जसले गर्दा मानिसहरू प्रत्यक्ष आर्थिक क्रियाकलापमा संलग्न हुन पाइरहेका छन् ।

#### ४.६.२.२ सामाजिक प्रभाव

मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा बसाइसराइ गर्दा आफूमात्र नगई उसँगै धर्म, संस्कृति, परम्परा भेषभूषा तथा अन्य गुणहरू पनि सँगसँगै सर्ने गर्दछ । यसका कारण गन्तव्य स्थलमा यस्ता कुराहरू पुग्छन् र स्थापित हुन्छन् । यसबाट मिश्रित समाजको विकास हुन्छ । मानिसले नयाँ ठाउँ तथा परिवेशसँग परिचित हुनका साथै सामाजिक मूल्य मान्यता, रीतिरिवाज, सामाजिक गतिविधि आदिको अध्ययन गर्ने र सिक्ने अवसर प्राप्त गर्दछन् । बसाइसराइका क्रममा मानिसले सिप र क्षमतालाई पनि आफूसँगै लगेको हुन्छ । यसले सामाजिक परिवेशलाई बदल्न सक्दछ । जसको कारण सामाजिक रूपान्तरण वा परिवर्तनमा ठूलो मद्दत पुग्दछ ।

(भुषाल, २०७८)  मानिसको बसोबासको चाप बढ्दै जादा नकारात्मक प्रभाव पनि परिरहेको छ । जसको कारण सामाजिक विकृतिरू मौलाएका छन् ।

दिपायल सिलगढी नगर पालिका वडा नं. ५ र ६ बाट बसाइसराइ गरी धनगढी आउदा सिलगढीको रितिरिवाजको प्रभाव धनगढीमा परेको पाइन्छ । त्यसैगरी त्यहाँका मानिसहरूको यहाँका मानिसहरूसँग र विभिन्न संघसंस्थासँग सम्वन्ध जोडिदै गएको पाइन्छ । जस्तै वैवाहिक सम्वन्ध, आर्थिक सम्वन्ध ( आर्थिक संस्थाहरूसँग संलग्नता) दिनप्रतिदिन बढ्दै गएको पाइन्छ । बसाइसराइ सरी आएका मानिसहरूले यस क्षेत्रको धार्मिक शैक्षिक सामाजिक विकासमा योगदान गर्दै आएका छन् । जसले यस क्षेत्रको सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यसको साथै जनसङ्ख्या वृद्धि हुँदा रोजगारीका अवसरहरूमा प्रतिस्पर्धा बढेको पाइन्छ । जनसङ्ख्या वृद्धि अनुसार यस क्षेत्रमा पूर्वाधारहरू विकासमा वृद्धि नहुँदा पूर्वाधारमा दबाब बढेको पाइन्छ । जस्तैः खानेपानी, शिक्षा, स्वास्थ्य आदि ।

### ४.६.२.३ सांस्कृतिक प्रभाव

प्राचिनकालमा लामो दुरीको बसाइसराइ खासै थिएन वर्तमान समयमा यो यातायातको साधनले धेरै हुने गरेको छ । यसले गर्दा विभिन्न देश ठाउँको संस्कृतिको प्रचारप्रसार भएको छ । आज विश्वको एउटा कुनाको संस्कृति अर्को कुनामा पुग्न थालेको छ । जस्तै धनगढीमा पहिले सिलगढी मनाइने जाँत पर्व अहिले यहाँबाट बसाइ सरी गएकाहरूले त्यहाँ पनि मनाउने गरेको र नेवार समुदायका व्यक्तिहरूले धनगढीमा गाइजात्रा र डोलजात्रा पनि मनाउने गरेको पाइन्छ । यसरी हेर्दा बसाइसराइले संस्कृतिमा पार्ने प्रभावको बारे स्पष्ट हुन्छ । यसै गरी यस क्षेत्रमा सिलगढीबाट बसाइ सरी आएका व्यक्तिहरूको नेतृत्वमा विभिन्न मठमन्दिरहरू निर्माण गरीएका छन् । जस्तै : भन्सार टोलमा रामजानकी मन्दिर को निर्माण भई यहाँको संस्कृति जोगाउने काम भएको छ ।

### ४.६.२.४ वातावरणिय प्रभाव

मानिसको जीवन र वातावरण बिच गाढा सम्वन्ध रहेको छ । बसाइसराइका क्रममा मानिसले वातावरणीय सन्तुलनमा असर पुग्ने काम भइरहेको हुन्छ ।  ग्रामिण भेगबाट शहरी भेगमा

बसाइसराइ हुने बढी रहेको हुन्छ जसले उक्त क्षेत्रको वातावरणमा प्रभाव पर्दछ । त्यहाँ विभिन्न प्रदुषण, प्राकृतिक साधनहरूको अत्यधिक प्रयोग सामाजिक तथा सस्कृति वातावरणहरूको विनास हुने गरेको छ । यस अध्ययन क्षेत्रमा बसाइसराइका कारण सडक व्यस्त हुने, प्राकृतिक स्रोत साधनको अतिदोहन भएको विशेष गरी घर निर्माण सामग्रीहरू ढुंङ्गा बालुवा गिटी जंगलको अतिदोहन भएको पाइन्छ । जनसङ्ख्या बढ्दै जादा वायुप्रदुषण, जलप्रदुषण जस्ता समस्या पनि देखिन थालेको छन् । खेतको रूपमा प्रयोग भएको जमिन घर निर्माणमा प्रयोग हुँदै गएको छ ।

बसाइसराई सम्वन्धी दि.सि.न.पा का मेयरको भनाइ यस प्रकार रहेको पाइयो । गणतन्त्र आउनुभन्दा पहिले गाउँबाट यस क्षेत्रमा बसाइसराइ गर्नेको सङ्ख्या बढी थियो । तर अहिले त्यसको विपरीत भएको छ । जसले गर्दा हाम्रो जनजिवनमानै खतरा पार्ने सम्भावना देखिएको छ ।

यहाँ बसेमा आर्थिक रूपले अन्त जान नसकेका र इच्छाले नगएका मानिसहरूको आर्थिक स्थिति नौलो ढंगबाट सुधार गर्न सक्दैनौ तब सम्म यो खतरा रहिरन्छ । र यहाँको जानेक्रम तीब्र रूपबाट अगाडि बढि रहन्छ ।

यहाँको वातावरणलाई प्राकृतिक रूपले वृक्षारोपण मार्फत हरियाली बनाई ठाउँ प्रतिको आकर्षणलाई बढाउन पर्छ । त्यसबाट आर्थिक रूपबाट जनताहरू जोडिइ फाइदा लिन सक्नुपर्छ । शिक्षा स्वास्थ्य रोजगारी सँगै यस नगरपालिकाले कृषिलाई जोड दिएको यसका लागि चाहिने पुर्वाधार पानी सिचाइको योजनाहरू अगाडी बढाइरहेका छौं । यि योजनाहरू अगाडी बढे भने निश्चित रूपमा जुन तिव्रता अहिले बसाइसराइको रहेको छ । त्यसलाई केही कम गर्न सकिने छ ।

# अध्याय पाँच
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

सामान्य अर्थमा बसाइसराइ भन्नाले कुनै एक स्थान बाट अर्को स्थानमा बास सर्ने कार्यलाई बुझिन्छ । विभिन्न कार्य, रोजगार, घुम्न, शिक्षाको लागि मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा बसाइसराइ गर्ने गर्दछन् । मानिसहरू पेसा, शिक्षा, स्वास्थ्य, सुरक्षा आदिको लागि गाउँबाट शहरतर्फ बसाइसराई गर्ने गरेको पाइन्छ । बासस्थान सर्ने प्रक्रियालाई बसाइसराइ भनिन्छ ।

नेपालजस्तो विकासोन्मुख देशहरूमा राम्रो अवसर र आर्थिक समृद्धिको खोजीमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रहरूमा आन्तरिक बसाइसराइ हुने गरेको छ । समग्रमा उत्पत्ति स्थान र गन्तव्य स्थानको जनसङ्ख्याको आकार परिवर्तन गर्ने मुख्य कारक तत्त्वका रूपमा बसाइसराइलाई लिइन्छ ।

अध्ययनको मुख्य उद्देश्य अध्ययन क्षेत्रका मानिसहरू बसाइसराइ सर्नुका कारणहरू पत्ता लगाउनु । र बसाइसराइले यस क्षेत्रमा परेको प्रभावको विश्लेषण गर्नु, रहेको थियो ।

माथि उल्लेखित उद्देश्य पुरा गर्न यस क्षेत्रमा बसोबास गरीरहेका र यस क्षेत्रबाट बसाइसराइ गरी धनगढी र काठमाडौंमा बस्दै आएका मानिसहरूलाई यस अनुसन्धान अध्ययनमा छनोट गरीएको थियो । ३५ घरपरिवारलाई अध्ययनमा समेटिएको थियो । बसाइसराइ कुनै नयाँ विषय थिएन जो पहिले देखि चल्दै आएको प्रक्रिया थियो । उनीहरूले बसाइसराइ सर्नुको मुख्य कारण के थियो । र उनीहरूको जीवनका आएको परिवर्तन के रहेको थियो । बसाइसराइ गरेर गइसकेपछी यस क्षेत्रमा परेको प्रभावले ठाउँमा विकासमा के अवरोध भएको छ । बसाइसराइ पहिले देखि नै क्रमिक रूपमा भइ नै रहेको थियो जव यहाँका मानिसहरू रोजगारीको लागि भारत जाने गर्दथे पहिले एक जना पुरूष मात्र जाने परम्परा थियो भने अहिले महिलाहरू पनि सँगै कामको खोजीमा भारत गएर त्यही बसाइसर्ने गरेको र यहाँका नेवार समुदाय र अन्य समुदाय छोराछोरीलाई पढ्नको लागि शहरतिर पठाउने पछि गएर छोराछोरीको इच्छा बमोजिम त्यही नै बस्नको लागि तयार हुने र बसाइ सर्ने गरेको छ । मानिसहरूको सङ्ख्यामा कमि

आउदा आर्थिक क्रियाकलापका कमी आएको छ । जसले गर्दा आर्थिक पक्ष कमजोर बन्दै गइरहेको छ । खेतियोग्य जमिनहरूको पहिलेको तुलनामा बाझो हुर्दै गइरहेको छ । दिनप्रतिदिन विद्यालयहरूमा विद्यार्थीहरूको सङ्ख्या घट्दै गइरहेको छ । निजी विद्यालयहरूको आर्थिक स्रोत घट्दै गइरहेको छ । बजारको अवस्था नाजुक बन्दै गइरहेको छ । बजारमा सामान किन्ने मानिसहरूको सङ्ख्यामा कमी आइ चहलपहल घटेको छ । नयाँ रोजगारी सृजना नभएर युवाहरू दिनप्रतिदिन विदेशिदै गइरहेको छन् । बसाइसराइले गर्दा सामाजिक सम्वन्ध टाढिदै गएको छ । पहिले देखि बस्दै आएका निश्चित समुदायका मानिसरू बसाइसराइले गर्दा अन्त गएर बस्दा यहाँ अन्य समुदायका मानिसहरू आएर बस्दा सम्वन्धमा नयाँपन आएको छ । जसरी विकासले गति लिन परथ्यो त्यसरी नयाँ घरहरू निर्माण हुन सकेका छैनन् बसाइसराइ गरेर गएकाहरूले पुराना घर जग्गाहरू विक्री नगर्दा विकास निर्माणका कार्यहरू हुन सकेका छैनन् । बसाइसराइले गर्दा यहाँ भएका मानिसहरू पनि आफ्नो छोराछोरीको भविष्यको लागि शहरतिरै पढाउने कारण विद्यालयमा विद्यार्थी सङ्ख्या घटेको छ । पूर्वाधारहरूको विकासमा निरन्तरता नभएको कारण शिक्षा स्वास्थ्यका गतिविधिहरूमा कमि आएको छ । यहाँका मानिसहरू र बसाइसराइ गरेर गइसकेका बिच सामाजिक सम्वन्ध कमजोर बन्दै गइरहेको छ । सामाजिक संरचनामा परिवर्तन आएको छ ।

हाल आएर सिलगढी बजारमा व्यापार व्यवसायमा पनि मन्दीर आएको स्थानीय सरकारको यहाँका मानिसहरूलाई कुनै किसिमको योजना बनाउन नसक्नु र आफ्ना छोराछोरीको भविष्यको लागि विस्तारै प्रदेश राजधानी र सङ्घिय राजधानी तिर बसाइसराइ गरीरहेका छन् ।

## ५.२ निष्कर्ष

प्राकृतिक स्रोतहरूको असमान वितरण र राज्यले उपलब्ध गराउने जीवनयापनका लागि आधारभूत आवश्यकताहरूको उपलब्धता हुन नसक्नुको परिणाम बसाइसराइ हुने गर्दछ । यस अध्ययनबाट राज्यले पहाडी क्षेत्रलाई निश्चित योजना बनाइ विकास गर्न नसक्नु असमान वितरणको कारण शिक्षित युवाहरू जीवनयापनका आधारभूत आवश्यकताहरूको खोजीमा विस्थापित हुन पुगेको स्पष्ट हुन्छ । गन्तव्य स्थानमा रोजगार सहजै शिक्षा, स्वास्थ्यको सर्वसुलभ

पहुचको कारण बसाइ सरेका छन् । बसाइसराइ गरेका केही परिवारले जन्मभूमिमा सहजै रोजगारी सिर्जना हुन नसक्नु, खेतिपाती नहुनुले केही समस्याहरू भोग्नुपरेको बताए । यस दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र ६ मा गरीएको अध्ययनमा यहाँका मानिसहरू पहिले देखि नै आंशिक रूपमा बसाइसराइ गर्दै आइरहेको र सङ्घिय संरचना लागु भइ सकेपछि जिल्लाका सबै कामहरू स्थानीय तहबाट हुन थाले राजधानी धनगढी भइसकेपछि व्यापार व्यवसाय ठप्प भइ आर्थिक मन्दि भइ विस्तारै बसाइ सरी धनगढी र काठमाडौं केही भारत तर्फ पनि गएको पाइयो ।

यस अध्ययनले विकासलाइ प्रवर्द्धन गर्न र स्थानीय तहहरूको नितीगत निर्णयको लागि सैद्धान्तिक सन्दर्भहरू प्रदान गर्न मद्यत मिल्नेछ ।

सिलगढी बजारमा बुढापाका मात्र र लगानी गर्न पनि यहाँको अवस्था देखेर लगानी गर्न नसक्ने मात्रको बसोबासले गर्दा सामाजिक गतिविधिमा पनि कमि आइरहेको छ । बसाइसराइले आधुनिक समाजको निर्माण भइ जीवनमा केही विकास भए पनि यस ठाउँमा भने मानिसहरूमो सामाजिक अन्तरक्रियामा कमी आउने समस्याहरू सामना गरीरहेको छन् ।

यस अध्ययनले यहाँका मानिसहरू आफु बसाइसराइ गए पनि यहाँ रहेको पुराना घरहरू विक्री पनि नगरेको अवस्था र लगानी पनि नगरेको कारण यहाँको यहाँको सामाजिक विकासमा दिनानुदिन चुनौति थपिलै गइरहेको छ । बसाइ सर्नुको कारण भनेको सरकारले यस क्षेत्रमा राम्रो स्वास्थ्य अस्पताल, शिक्षा को विकास गर्न नसक्नु र व्यापार व्यवसाय नहुनुले गरीबि बाट बच्नको लागि हो । पहिले मानिसहरू आफ्नो पेसा र आम्दानीमा अनुसारको जीवनसैलीमा सन्तुष्ठ थिए । जब बिस्तारै छिमेकीहरू बसाइसराइ सुरू गर्दै गए आफुहरूमा पनि धेरै कुराको अभाव महसुस गरी धनगढी, काठमाडौं र कामको खोजीमा भारत तर्फ पनि बसाइसराइ सरेका हुन् । बसाइसराइले उनीहरूको जीवनमा धेरै कुराको समाधान गरेको छ र जीवन राम्रोसँग चलाउन सकेका छन् । अर्कोतर्फ सिलगढीको जनसङ्ख्या दिनानुदिन घट्दै गइरहेको कारण गाउँमा परिणत हुँदै गइरहेको छ ।

# सन्दर्भसूचि

Adhikari, J. (2007). Livelihoods in the informal sector of Kathmandu Metropolis. In B. Gautam & J. Adhikari (Eds.), *Urbanization: A diversity in livelihoods* (pp. 329-352). Kathmandu: Martin Chautari.

Bell, M., Bernard, A., Edwards, E. C., & Zhu, Y. (2020). *Internal migration in the countries of Asia: A cross-national comparison*. Springer Nature Switzerland AG. https://doi.org/10.1007/978-3-030-44010-7

De Haas, H. (2021). A theory of migration: The aspirations-capability framework. *Comparative Migration Studies, 9*. https://doi.org/10.1186/s40878-020-00210-4 pmid:3368085

Frank, A. G. (1966). The development of underdevelopment. *Monthly Review, 18*.

Furer-Haimendorf, C. von. (1975). *Himalayan Traders: Life in Highland Nepal*. London: John Murray.

Gautam, T,(1999), Causes and impact of migration: A sociological study of emigration from kandebash, Baglung, Nepal, Nepal Journal Online (www.nepjol.info)

Gurung, Yogendra B (2008), "Migration grom rural Nepal. A social exclusion Framework , A research paper which is presentea of CEDA research seminar.

Haas, De H. (2008). *Migration and development: A Theoritical perspective*. International Migration Institute. Oxford University.

Harris, J. R., & Todaro, M. P. (1970). Migration, unemployment and development: A two-sector analysis. *American Economic Review, 60*, 126–142.

https://www.google.com/maps/place/Dhangadhi/@28.6981146,80.4886874,25207m/data=!3m1!1e3!4m6!3m5!1s0x39a1ed0ffb42cc37:0x7fe89470a724b11c!8m2!3d28.685244!4d80.621591!16zL20vMDg3aHAy?entry=ttu&g_ep=EgoyMDI0MDgyMS4wIKXMDSoASAFQAw%3D%3D

https://www.google.com/maps/place/Dipayal+Silgadi+Municipality/@29.2666674,80.9862483,2635m/data=!3m1!1e3!4m6!3m5!1s0x39a3d0279b6fcab5:0x6056d29fc62eef8e!8m2!3d29.2666674!4d80.9862483!16s%2Fg%2F11c6zdnvcl?entry=ttu&g_ep=EgoyMDI0MDgyMS4wIKXMDSoASAFQAw%3D%3D

K.C. Bal K (1998), "Trend patterns and implications of rural to urban migration in Nepal" (CDPS), Kathmandu.

King, R. (2012). Theories and typologies of migration: An overview and a primer. In E. Righard (Ed.), Malmö, Sweden: Malmö Institute for Studies of Migration, Diversity and Welfare (MIM), Malmö University.

Lee, E. S. (1966). A theory of migration. *Demography, 3*, 47–57.

Manning, P. (2009). *The African diaspora: A history through culture*. Columbia University Press

Nepal Institute of Development Studies (NIDS) & NCCR. (2009). *Nepal Migration Yearbook*. Kathmandu: NIDS.

Nepal Institute of Development Studies (NIDS) & World Bank. (2009). *Nepal Migration Survey*. Kathmandu: NIDS (unpublished).

Timalsinha, K. P. (2007). Rural-urban migration and livelihood in the informal sector: A study of street vendors of Kathmandu Metropolitan City, Nepal (Master of Philosophy Thesis, Department of Geography, Norwegian University of Science and Technology, Trondheim, Norway).

Tulachan, P. (2001). Seasonal migration and trade: A strategy for survival by the Lobas of Lo Monthang. In *Aspects of Mobility and Migration in Nepal* (pp. 43-72). Kathmandu: Ratna Pustak Bhandar.

Yao, R., Ye, J., & Song, L. (2023). The impact of the rural–urban migration of Chinese farmers on the use of rural homesteads: A threshold model analysis. *Land, 12*(7), 1356. https://doi.org/10.3390/land12071356

Zelinsky, W. (1971). The hypothesis of the mobility transition. *Geographical Review, 61*, 219–249.

आचार्य, बलराम (२०६५) सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण:(चौ.सं.), काठमाण्डौं: नेशनल बुक सेन्टर ।

ओझा रामहरि ( २०८०) सुदूरपश्चिममा *१० वर्षको जनसंख्या पहाडमा ओरालोतर्फ भरिदै तराइका जिल्ला* नेपाल प्रेस अनलाइन

आहुती (२०६७) “नेपालमा वर्ण व्यवस्था र वर्ग सङ्घर्ष”, काठमांण्डौं : समता फाउण्डेसन

जोशी, महेन्द्रराज, (२०२४), *जनसङ्ख्या शिक्षाको आधार,* काठमाडौंः भुँडीपुराण प्रकाशन ।

दैनिक लुम्बिनी (२०७९) बसाइसराइ चुनौती बन्द

धिताल, गंगा (२०१७) *आन्तरिक बसाइसराइका कारण र प्रभाव:* शोधपत्र समाजशास्त्र विषयको

भुषाल (२०७८), *बसाइसराईको प्रभाव* ग्लोबल आवाज अनलाइन

स्नाकोतर तह त्रिभुवन विश्वविद्यालय काठमाडौं, नेपाल ।

लोकसेवा आयोगको तयारी कक्षा अनलाइन (२०८०) *नेपालमा बसाइसराइको अवस्था तथा यसले पारेको सकारात्मक र नकारात्मक प्रभावहरु*

https://pscclass.blogspot.com/2016/09/blog-post_44.htmlहुमराज

## प्रश्नावली

## अनुसूची : १

## बसाइसराइ गरी गएकाहरूलाई सोधिने प्रश्नहरू

उत्तरदाताको व्यक्तिगत विवरण

१. नाम......................................... २. उमेर...................

३. लिङ्ग...................... ४ शिक्षा ...................

४. धर्म........................

५. वैवाहिक स्थिति क) विवाहित ख) अविवाहित

ग) विधर/विधुवा घ) सम्वन्ध विच्छेद

२.परिवारिक बिवरण:

| क. सं. | परिवारका सदस्य | घरमूलीसँग को सम्बन्ध | उमेर | लिङ्ग | शिक्षा | पेशा | धर्म | वैवाहिक अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

६. के तपाइको आफ्नै घर छ ? ..........

७. तपाई कुन पेशामा हुनुहुन्छ ? ..............

८. तपाइ बस्ने ठाउँमा कुन कुन सुविधा छन् ?

क) रेडियो ख) टि.भी. ग) फ्रिज घ) मोटरसाइकल ङ) ग्यास

च) साइकल छ) मोबाइल

९. के कुराले गर्दा तपाइलाई बसाइसराई गर्न आकर्षित गऱ्यो ?

...............................................................................................................

१०. बसाइसराई सर्नु अघि तपाईको आम्दानीको स्रोत के थियो ?

...............................................................................................................

११. हाल तपाइको आम्दानीको स्रोत के छ ?

...............................................................................................................

१२. बसाइसराइ सर्नु अघि आम्दानीको स्रोत मासिक कति थिया ?

...............................................................................................................

..

१३. बसाइसराइ पछि आम्दानीको स्रोत मासिक कति रहेको छ ?

१४. बसाइसराइ अघि तपाइको पेशा के रहेको थियो :...............................

१५. बसाइसराइ पछि तपाइको पेशा के रहेको छ ?...............................................

१६. तपाइको पहिले जग्गा जमिन कति थियो ? ...............................................

१७. हाल तपाइको जग्गा जमिन कति रहेको छ ? ..................................

१८. यदि जग्गा जमिन छैन भने कसरी जीवनयापन गर्नु भएको छ ?

...............................................................................................................

१९ बसाइसराइ गर्नुभन्दा अगाडि तपाइको समाजका मानिसहरू सँग कस्तो सम्वन्ध कस्तो रहेको थियो ?

२०. बसाइसराइ गर्नुभन्दा अगाडि सामाजिक संस्थाहरूसँग कस्तो सम्वन्ध कस्तो रहेको थियो

२१. बसाइसराइ गर्नुभन्दा अगाडि आफ्नो जातिसँग कस्तो सम्वन्ध रहेको थियो ?

२२. बसाइसराइ गर्नुभन्दा पहिले अन्य जातहरूसँग कस्तो सम्वन्ध रहेको थियो ?

२३. सामाजिक गतिविधिहरूमा भागलिने कुरामा पहिले र अहिलेमा फरक के छ ?

२४. बसाइसराइपछि सामना गर्नुपरेका समस्याहरू के-के छन् ?

२५. बसाइसर्ने निर्णय कसले गरेको हो ?

२६. बसाइ सर्ने निर्णयमा महिलाको सहभागिता छ छैन ?

४४. तपाइको परिवारका सदस्य कुनै संघ संस्थामा आवद्य हुनुहुन्छ ? (क) छ (ख) छैन

४५. यदि छ भने कुनमा ?

(क) कृषि समूह (ख) सामुदायिक वन उपभोक्ता समूह (ग) गैर सरकारी संस्था

(घ) परम्परागत समूह (ङ) अन्य

**पारिवारिक आर्थिक बिवरण**

| क.सं. | आम्दानीका श्रोत | आम्दानी रकम(Rs) | खर्चका विवरण | खर्च हुने रकम(Rs) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुची : २

## यही बसोबास गरीरहेकालाई सोधिने प्रश्नहरू

१. बसाइसराइ पछि स्रोत साधनको उपयोग

क) जग्गा जमिन

ख) वनजंगल

ग) पानी

२. बसाइसराइले धार्मिक गतिविधिमा कस्तो प्रभाव परेको छ ?

३. बसाइसराइले रहनसहनमा पारेको प्रभाव ?

४. बसाइसराइले संघसंस्थामा परेको प्रभाव ?

५. बसाइसराइले सामाजिक संरचनामा परेको प्रभाव ?

६. बसाइसराइले विकासका कार्यहरूमा कस्तो प्रभाव परेको छ ?

७. बसाइसराइका कारणहरू के-के छन् ?

आर्थिक

सामाजिक

वातावरणीय

८. स्थायी रूपमा बसाइसराइ गरेका छन् वा अस्थायी रूपमा ?

९. बसाइ सरी गएकाको सम्पत्ति प्रयोग अवस्था कस्तो रहेको छ र तिनीहरूको धार्मिक वा सांस्कृतिक गतिविधिको अवस्था के रहेको छ ?

१०. बसाइसराई गरी गएका व्यक्तिसँगको पहिलेको र अहिलेको आर्थिक सम्वन्ध कस्तो रहेको छ ?

११. बसाइसराई गरी गएका व्यक्तिसँगको पहिलेको र अहिलेको सामाजिक सम्वन्ध कस्तो रहेको छ ?

१२. बसाइसराई गरी गएका व्यक्तिसँगको पहिलेको र अहिलेको धार्मिक सम्वन्ध कस्तो रहेको छ ?

# <u>अनुसूची : ३</u>

## <u>स्थानीय तहका लागि प्रश्नावली</u>

१. स्थानीय बस्तीको विकासको ऐतिहासिक पृष्ठभुमि कस्तो रहेको छ ?

२. समय समयमा घटेका घटनाहरूको बारे के- के जानकारी छ ?

क) राजनितिक अवस्था ख) बसाइसरी आउनेको अवस्था

ग) शिक्षाको विकास घ) भौतिक पूर्वाधार विकास सम्वन्धी

ङ) विभिन्न पुरातात्वीक वस्तुहरूका बारेमा ?

३. यहाँका बसाइ सर्ने क्रमको ऐतिहासिक जानकारी

४. बसाइसराइ गर्नुको कारण

५. बसाइसराइ गर्नाले यो क्षेत्रमा परेको आर्थिक, सामाजिक र सांस्कृतिक प्रभाव सकारात्मक र नकारात्मक दुवै

६. बसाइसराइ नियन्त्रण गर्न के गर्नुपर्ला ?

७. बसाइसराइलाई रोकथाम गर्न स्थानीय तह दिपायल सिलगढी नगरपालिकाले कुन योजना, रणनिति, नीति निर्माण गरेको छ वा गर्न आवश्यक छ ?

८. कस्ता नितिहरू निर्माण गर्नुपर्दछ ?

## अनुसूची : ४

## फोटोहरु







Kodak



# अनुसूची : ५


## मानचित्र

### गन्तव्य स्थानको मानचित्र




https://www.google.com/maps/place/Dhangadhi/@28.6981146,80.4886874,25207m/data=!3m1!1e3!4m6!3m5!1s0x39a1ed0ffb42cc37:0x7fe89470a724b11c!8m2!3d28.685244!4d80.621591!16zL20vMDg3aHAy?entry=ttu&g_ep=EgoyMDI0MDgyMS4wIKXMDSoASAFQAw%3D%3D

### उत्पत्ति स्थानको मानचित्र




https://www.google.com/maps/place/Dipayal+Silgadi+Municipality/@29.2666674,80.9862483,2635m/data=!3m1!1e3!4m6!3m5!1s0x39a3d0279b6fcab5:0x6056d29fc62eef8e!8m2!3d29.2666674!4d80.9862483!16s%2Fg%2F11c6zdnvcl?entry=ttu&g_ep=EgoyMDI0MDgyMS4wIKXMDSoASAFQAw%3D%3D